Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- २५, २०८२ साल माघ ६ गते मंगलबार (January 20, 2026)
www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# सुसंस्कार राजनीतिको थालनी गरौं

यतिवेला देश निर्वाचनमय भएको छ । राजनीतिक पार्टीका कार्यकर्ताहरुले आ-आफ्नो पार्टी मात्रै राम्रो अरुको पार्टीको हुने वित्तिक्कै अनेकन खालका आरोप प्रत्यारोप लगाउने र सामाजिक सञ्जालहरुमा त्यही खालका लेख अभिव्याक्ति दिने गरेको देखिन्छ । यसरी नकरात्मक टिका टिप्पणी तथ्यहिन कुराहरु समाजमा फैलाउदा यसले समाजमा नकरात्मकता बढेर भोलीका दिनमा अनेकन समस्याहरु आउन सक्छन् । त्यसकारण आ-आफ्नो पार्टीको विचार, सिद्धान्त नीति लगायतका कुराहरु आफ्नै तरिकाले कसैको विरोध नगरीकन राखेर सकरात्मक ढंगवाट राजनीतिको सुसंस्कृतको थालनी गर्न सक्नुपर्छ ।




संसारमा विकास भएका छन् भने त्यहा असल स्वभाव तरिकाल सुसंस्कृत राजनीतिवाट प्रेरित मानिसहरुले अरुको अस्तित्व पनि स्वीकारेर असल साशानहरुलाई समर्थन गरेर देशको विकासका जोड दिएको दखिन्छ । नेपालमा भने २००७ साल यता राजनीतिक पार्टीहरुको तौरतरिकाहरु सधै अरुलाई गाली गर्नु सरकारको विरुद्ध आन्दोलन गर्नु आफ्नै भौतिक सरचनाहरु नष्ट हुने तरिकाले बिग्रह गर्ने काम गर्नुवाहेक अन्य कामहरु गरेको देखिन्दैन ।

त्यसैले यो निर्वाचनको वेला पनि यस्ता » बाकी ६ पृष्ठमा

## कामना सेवा विकास बैंकले २२.३४ प्रतिशतले बढायो खुद नाफा

काठमाडौं- कामना सेवा विकास बैंकको नाफा बढेको छ। चालु आर्थिक वर्ष दोस्रो त्रैमास (पुस मसान्त)सम्म बैंकको नाफा २२.३४ प्रतिशतले बढेर ३९ करोड ४५ लाख रुपैयाँ पुगेको छ। पोहोर यसै अवधिमा बैंकले ३२ करोड ३४ लाख रुपैयाँ खुद नाफा गरेको थियो।

कर्जा नोक्सानी घटेर ब्याज आम्दानीसँगै फी कमिसन बढ्दा बैंकको नाफा सुधार आएको हो। चालु आवको ६ महिनामा बैंकले कर्जा नोक्सानीबापत १८ करोड ७१ लाख रुपैयाँ प्रोभिजनिङ गरेको छ। बैंकले पोहोर ६ महिनामा १९ करोड ६४ लाख रुपैयाँ प्रोभिजनिङ गरेको थियो।

६ महिनामा बैंकको ब्याज आम्दानी ११.१८ प्रतिशतले बढेर १ अर्ब २१ करोड रुपैयाँ पुगेको छ। फी कमिसन » बाकी ६ पृष्ठमा

## चुनाव लड्नेबारे अहिलेसम्म निर्णय लिएको छैन : सञ्चारमन्त्री खरेल



काठमाडौं- सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले आफूले आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार बन्नेसम्बन्धी कुनै निर्णय नगरेको बताएका छन् ।

सिंहदरबारमा मन्त्रिपरिषद् बैठकका निर्णयहरू सुनाउने क्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले आफू आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार बन्ने वा नबन्ने भन्नेबारे कुनै निर्णय लिइ नसकेको » बाकी ६ पृष्ठमा

## राष्ट्रियसभा सदस्यद्वय वामदेव र भगवतीले पनि दिए राजीनामा

काठमाडौं- राष्ट्रियसभा सदस्यद्वय वामदेव गौतम र भगवती न्यौपानेले पनि पदबाट राजीनामा दिएका छन् । संघीय संसद् सचिवालयले उनीहरूको राजीनामा प्राप्त भएको जनाएको हो ।

यसअघि राष्ट्रिय सभाका अर्का सदस्य नारायणकाजी श्रेष्ठले राजीनामा दिएका थिए । तीनै जना



राष्ट्रिय सभा सदस्यको पद छाडेर प्रतिनिधिसभा सदस्यको उम्मेदवार हुँदैछन् । नारायणकाजीले २०७० मा मकवानपुरमा चुनाव लडेका थिए । » बाकी ६ पृष्ठमा

## बाबुराम भट्टराईले गोरखा-२ बाट उम्मेदवारी दिने

**काठमाडौं-** पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सामाजिक सञ्जालमार्फत गोरखा क्षेत्र नम्बर २ बाट उम्मेदवारी दिने निर्ण गरेको छन् ।

गोरखा-२ बाट प्रगतिशिल लोकतान्त्रिक पार्टीको चुनाव चिन्हमा उम्मेदवारी दिने निर्णयमा पुगेको उनले बताएका हुन् ।

'गोरखा-२ का पार्टीसाथीहरू, आम मतदाता, अन्य दलभित्रका समेत शुभचिन्तकहरूको जोडबल र देशको अन्योलपूर्ण राजनीतिक अवस्थाले सिर्जना गरेको राष्ट्रिय



दायित्वबोधलाई ध्यान दिंदै आगामी आम निर्वाचनमा गोरखा-२ बाट प्रगतिशील लोकतान्त्रिक पार्टीको चुनावचिन्ह 'खुलेको आँखा' लिएर उम्मेदवारी दिने निर्णयमा पुगेको छु,' भट्टराईले भनेका छन् ।


गोरखा-२ मा नेकपाबाट लेखनाथ न्यौपानेलाई » बाकी ६ पृष्ठमा

## उज्यालोले टुंग्यायो सप्तरीका ४ वटै क्षेत्रमा उम्मेदवार

सप्तरी । कुलमान घिसिङ नेतृत्वको उज्यालो पार्टी नेपालले सप्तरीका चार वटै निर्वाचन क्षेत्रमा उम्मेदवार टुंग्याएको छ ।

पार्टीले जिल्लाको क्षेत्र नम्बर १ मा हर्खनारायण चौधरी, क्षेत्र नम्बर २ मा डा. दीपक चौधरी, क्षेत्र नम्बर ३ परमेश्वरलाल साह र क्षेत्र नम्बर ४ मा बिसोकुमार यादवलाई टिकट दिएको छ ।

उज्यालो पार्टीका सप्तरी जिल्ला संयोजक डा. सूर्यप्रसाद यादवले सबै उम्मेदवारले टिकट प्राप्त गरिसकेको » बाकी ६ पृष्ठमा




## निर्वाचन आचारसंहिता लागु हुने

काठमाडौं । निर्वाचन आयोगले आचारसंहिता लागु हुने विषयमा सरकारलाई जानकारी गराएको छ ।

कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी नेतृत्वको आयोगको टोलीले आज बालुवाटारमा आयोजित एक कार्यक्रमाझ यो जानकारी दिएको हो ।

आयोगका तर्फबाट आचार संहितबारे विशेष प्रस्तुतिकरण पनि गरिएको थियो । जसअनुसार, निर्वाचन आचार संहिता आज राति १२ बजेबाट लागु हुनेछ ।

आयोगको आजै बसेको बैठकले निर्वाचन आचार संहिता आज राति १२ बजेबाट » बाकी ६ पृष्ठमा

## काठमाडौं महानगरको कार्यवाहक प्रमुखमा सुनिता डंगोल



काठमाडौं- काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोलले कार्यवाहक प्रमुखको जिम्मेवारी पाएकी छिन् । मेयर बालेन शाहले पदबाट राजीनामा दिएलगत्तै उनले स्वत: कार्यवाहकको जिम्मेवारी पाएकी हुन् ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ अनुसार, उनले कार्यवाहकको जिम्मेवारी पाएकी हुन् । मेयरले पदबाट राजीनामा पाएपछि स्वत: उपमेयरले कार्यवाहक पाउने व्यवस्था ऐनमा छ ।

मेयर शाहले रास्वपा कार्यालय पुग्नुअघि पदबाट राजीनामा दिएका हुन् । उनी केहीबेरमा रास्वपा केन्द्रीय कार्यालय पुग्दैछन् । रास्वपा कार्यालयमा कार्यकर्ता र शुभचिन्तकहरूको बाक्लो भीड छ । दिउँसो १ बजे नै पुग्ने भनिए पनि उनी राजीनामा लगायतका विषयमा दोधारमा परेपछि केहीबेर ढिलो भएको थियो ।

रास्वपा प्रवेश गरेर बालेनले झापा-५ बाट निर्वाचन लड्ने तयारी गरेका छन् । हाल उनी रास्वपाका वरिष्ठ नेता हुन् ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २५,
२०८२ साल माघ ६ गते मंगलबार
20 JANURY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### निर्वाचन निर्वाचनका लागि नहोस् ।

आउदो फागुन २१ गते प्रतिनिधिसभा सदस्यको लागि निर्वाचन कार्यालयमा राजनीतिक दलहरूले निर्वाचन कार्यालयले तोकोको ढाचामा उम्मेद्वारी दिईसकेकाछन् । राजनीतिका पार्टीभन्दा फरक स्वतन्त्र ढंगवाट पनि उम्मेद्वारी परेको छ । गएको २०७९ सालमा प्रतिनिधिसभाको निर्वाचन भएको थियो । जसमा सवैभन्दा ठूलो दल नेपाली काँग्रेस थियो । दोस्रोमा नेकपा एमाले थियो । तेस्रोमा नेकपा माओवादी केन्द्र रहेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीले चौथो स्थान हाशिल गरेको थियो ।

नेपालको संविधानले प्रत्येक पाँच वर्षमा प्रतिनिधिसभा सदस्यको लागि आद्यावधिक निर्वाचन गराउने व्यवस्था छ । त्यो समयलाई हेर्ने हो भने २०८४ मंसिरमा हुनुपर्ने हो । तर २०८२ साल भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनले आन्दोलनकै बलवाट ससद विघटन गरी संविधान ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने गरी सरकार गठन भएको थियो । सोही मुताविक निर्वाचन तोकेर कार्यत्रक्रम तय भएको थियो । तोके बमोजिम नै फागुन २१ गते निर्वाचन हुन गईराखेको छ ।

सोचेको जस्तो तरिकाले नेपालको विकास हुन सकेन भनेर असन्तुष्टी भएर वेला वेलामा नेपालमा आन्दोलन, अराजकता फैलने गरेको छ । आउदो निर्वाचनमा निर्वाचन मात्र नभएर स्वाच्छ छवि भएका राष्ट्र र समाजलाई योगदान दिन सक्ने व्याक्तित्वहरू निर्वाचित भएर सदन पुगेर समग्र देशको विकासमा टेवा दिन सक्ने नेपालको विकासमा देखिएको बिलम्बलाई छिटो छरितो तरिकाले सम्पादन गर्न सक्ने क्षमता भएकाहरूले निर्वाचनमा जितुन् ।

# स्क्रिन पछाडिको युद्ध : नेपालमाथि भइरहेको अदृश्य आक्रमण



■ हिरा अधिकारी

आकाश शान्त छ, झन्डा फर्फराइरहेको छ, सरकार नियमित बैठकमा व्यस्त छ। बाहिरी दृष्टिले हेर्दा देश शान्त, स्वतन्त्र र सार्वभौम देखिन्छ। तर यही सतहभित्र एउटा यस्तो युद्ध चलिरहेको छ, जसको आवाज सुनिँदैन, जसको धुवाँ देखिँदैन, र जसमा पराजित हुँदा पनि पराजयको अनुभूति हुँदैन। यो युद्ध भूगोलका लागि होइन, चेतनाका लागि हो। यो युद्ध जमिन कब्जा गर्न होइन, नागरिकको सोच नियन्त्रण गर्न लडिँदैछ।

आजको नेपाल माइण्ड स्क्रिनले घेरिएर एल्गोरिदम चलिरहेका छन्। यहाँ विचारहरू छनोट गरिन्छन्, तथ्यहरू क्रमशः छायामा पारिन्छन्, र झुटलाई सत्यको आवरण ओढाएर आकर्षक बनाइन्छ। नागरिकले आफूले हेरेको, पढेको र महसुस गरेको सबै कुरा आफ्नै छनोट ठान्छ, तर वास्तवमा त्यो छनोट पहिल्यै तय भइसकेको हुन्छ। यही नै आजको सबैभन्दा खतरनाक युद्धको स्वरूप हो–जहाँ स्वतन्त्रताको भ्रम यति गहिरो हुन्छ कि गुलामी महसुस नै हुँदैन।

अब सार्वभौमिकताको अर्थ केवल नक्सामा कोरिएको सिमारेखा वा औपचारिक कूटनीतिक वक्तव्यमा सीमित छैन। एक्काइसौँ शताब्दीको संसारमा शक्ति सेनाको संख्यामा होइन, सूचनाको नियन्त्रणमा मापन हुन्छ। जसको हातमा डाटा छ, उसैको हातमा निर्णय शक्ति छ। डाटा भनेको केवल सूचना होइन, यो नागरिकको रुचि, डर, चाहना, कमजोरी र असन्तुष्टिको सम्पूर्ण नक्सा हो। यही नक्सालाई पढेर, विश्लेषण गरेर र प्रयोग गरेर आजका शक्तिशाली संरचनाहरूले मानिसको सोच र व्यवहारलाई इच्छाअनुसार मोडिरहेका छन्।


नेपाल जस्तो कमजोर नीति संरचना भएको, डिजिटल सुरक्षालाई गम्भीरतापूर्वक नलिएको राष्ट्रका लागि यो अवस्था झनै भयावह बन्दै गएको छ। देशसँग झन्डा छ, संविधान छ, निर्वाचन छ, सरकार छ। तर यी सबै बाह्य संरचनाभित्र एउटा अदृश्य नियन्त्रण मौन रूपमा बलियो हुँदै गएको छ। यो नियन्त्रण बन्दुक र ट्यांकबाट होइन, विदेशी सर्भरमा चल्ने कोड र एल्गोरिदमबाट भइरहेको छ। सामाजिक सञ्जाल अब केवल मनोरञ्जनको माध्यम रहेन, यो राजनीतिक चेतना निर्माण गर्ने मुख्य कारखाना बनिसकेको छ। संसदभन्दा बढी प्रभाव अब मोबाइलको स्क्रिनले राख्न थालेको छ।

नेपालको समसामयिक राजनीतिमा देखिएको तीव्र ध्रुवीकरण, क्षणिक नायक-खलनायकको निर्माण, र भीडको अस्थिर व्यवहार आकस्मिक होइन। एल्गोरिदमले उत्तेजक, भावनात्मक र विभाजनकारी सामग्रीलाई प्राथमिकता दिने भएकाले डिजिटल स्पेस निरन्तर आक्रोशको इन्धनमा चलिरहेको छ। गहिरो अनुसन्धान र तथ्यपरक बहसभन्दा अफवाह, अधुरो सूचना र सनसनीपूर्ण आरोपहरू छिटो फैलिन्छन्। केही घण्टामै कुनै व्यक्ति देशद्रोही घोषित हुन्छ, अर्को उद्धारकर्ताको मुकुट लगाइन्छ। राज्यका संस्थाहरूले बोल्न नपाउँदै डिजिटल अदालतले फैसला सुनाइसकेको हुन्छ।

यही अवस्था कमजोर राष्ट्रको सबैभन्दा ठूलो कमजोरी हो। जहाँ विवेकभन्दा भावना शक्तिशाली हुन्छ, नीति भन्दा ट्रेन्ड निर्णायक बन्छ। हालका वर्षहरूमा देखिएको नयाँ राजनीतिक शक्तिहरूको उदयलाई धेरैले राजनीतिक पुनर्जागरणको संकेत ठानेका छन्। पुराना दलप्रतिको वितृष्णाबाट जन्मिएको यो लहरलाई जनचेतनाको विस्फोट मानिएको छ। तर यहाँ गम्भीर प्रश्न उठ्छ–यो विस्फोट कति स्वतःस्फूर्त थियो र कति नियन्त्रित? के यी घटनाहरू गहिरो वैचारिक संघर्षको परिणाम हुन्, कि एल्गोरिदमले दिएको रणनीतिक धक्काको नतिजा?

जब कुनै पात्र वा विचार सामाजिक सञ्जालमा अचानक विस्फोट हुन्छ, त्यसको पछाडि केवल जनभावना मात्र हुँदैन। त्यो भावनालाई कुन समयमा, कसको पक्षमा, र कुन दिशामा मोड्ने भन्ने काम अदृश्य प्रणालीहरूले गरिरहेका हुन्छन्।

# ‘अब चाहिँ देशको कुण्डली फेरिने भयो’



■ दिपक राज पन्थी

जेन्जी आन्दोलनको राप र तापबाट जब केही आशालाग्दा अनुहारहरू सिंहदरबार छिरे, भुइँमान्छेहरूले सोचेका थिए– अब चाहिँ देशको कुण्डली फेरिने भयो। तर, विडम्बना १ चुनावको सुइँको पाउनासाथ ती आशाका केन्द्रहरू त जिम्मेवारी को पोको बाटोमै बिसाएर चुनावी मैदानमा दौडिएका छन्। कुलमान घिसिङ, महावीर पुन र बब्लु गुप्ता जगदीश खरेल।जस्ता हस्तीहरूले मन्त्री पदलाई फुल(टाइम) जबु भन्दा पनि पार्ट९टाइम इन्टर्नसिपु बनाएको देख्दा उदेक लागेर आउँछ।

कुलमानको अघोषित लोडसेडिङु उज्यालो

नेपालका नायक कुलमान घिसिङले अँध्यारो हटाउन त जानेका रहेछन्, तर आफ्नै कार्यकालको जिम्मेवारीमा कसरी फ्यूजु जान्छ भन्ने कुरामा उनी अनविज्ञ देखिए। देशलाई नीतिगत उज्यालो चाहिएको बेला मन्त्री पदबाट राजीनामा दिएर चुनावी टर्चु बाल्न हिँड्नु कतिसम्म जायज होरु कामको चाङ छाडेर भोटको खेती गर्न दौडिनुले के सन्देश दिन्छ– देश बनाउनु भन्दा पद जोगाउनु ठुलो होरु

महावीरको राजीनामाआविष्कार

नयाँ९नयाँ ०आविष्कारका कुरा गर्ने महावीर पुनले अन्ततः एउटा यस्तो सर्टकटु आविष्कार गरे, जसले सत्ताको कुर्सीलाई केवल एउटा विश्रामस्थलमा परिणत गरिदियो। राष्ट्रिय आविष्कार केन्द्रको जस्तो जोस सिंहदरबारमा देखिनुअघि नै उनले चुनावु नामक सफ्टवेयर अपडेट गरेर पुरानै राजनीतिको लय समाते। वैज्ञानिक मान्छेले त परिणाममुखी हुनुपर्ने होइन ररु तर यहाँ त परिणाम आउनुअघि नै ल्याबु छाडेर भाग्ने प्रवृत्ति देखियो।

बब्लु गुप्ता र सत्ताको ब्यापार

बब्लु गुप्ताजीका लागि राजनीति सायद एउटा यस्तो स्टक मार्केटु बन्यो, जहाँ उनले थोरै समय लगानी गरेर ठुलो एक्जिटु मारे। जनताको सेवा गर्ने सपथ खाएको मसी सुक्न नपाउँदै चुनावी जोड९घटाउमा० लाग्नुले उनको व्यापारिक कुशलता‌ु त झल्काउला, तर राजनीतिक नैतिकता‌ु भने रसातलमा पुगेको छ।

जगदीश खरेलस् प्रश्नु सोध्ने ओठहरू उत्तरु नदिई किन भागिरेछन्रु

मिडियाको पर्दामा बसेर नेताहरूलाई ज्याख्याख्ती पार्ने र देश किन बनेनरू भन्दै घाँटीका नसा फुलाई९फुलाई० प्रश्न सोध्ने जगदीश खरेल जब आफैँ सत्ताको हट सिटु मा पुगे, जनताले सोचेका थिए– अब प्रश्न सोध्नेले उत्तर दिनेछ। तर, विडम्बना १ उनले त मन्त्रालयलाई नै एउटा टल्क शोु को सेट जस्तो बनाए। केही महिना सत्ताको माइकमा आफ्नो स्वर परीक्षण गरेपछि, जब काम गरेर देखाउने बेला आयो, तब उनले ब्रेकु लिएर चुनावी विज्ञापनतिर लाग्ने निर्णय गरे।

जगदीशजी, हिजो अरूलाई अजिम्मेवारु भन्दै क्यामरामा औँला ठड्याउँदा जति सजिलो थियो, आज आफैँ मन्त्री पदको जिम्मेवारी अलपत्र पारेर चुनावको मैदानमा लाइभु हुन जाँदा त्यति नै लाज लाग्नुपर्ने होइन ररु अरूले राजीनामा दिँदा सत्ताको लोभु देख्ने तपाईंको नजरले, आज आफ्नै राजीनामामा कुन क्रान्तिु देख्योरु

उनका ती तिखा प्रतिक्रियाहरू आज उनैतिर फर्किएका छन्। जनताले के पाएरू भनेर सोध्ने खरेलजीले मन्त्री हुँदा जनतालाई के दिएरु केवल एउटा राजीनामा पत्रु

आफ्नो कार्यकाललाई एउटा छोटो भिडियोु जस्तो बनाएर, क्लाइमेक्स नआउँदै पर्दा छाडेर भाग्नुले के पुष्टि गर्छ भने भाषणको खेती गर्न सजिलो छ, तर शासनको गारो लगाउन निकै कठिन। मन्त्रालयको फाइलमा धुलो जम्दै गर्दा चुनावको ऱ्यालीमा भाषण ठोक्न हिँड्नु एङ्करिङु त होला, तर लिडरसिपु पक्कै होइन मुख्य प्रश्नस् के जिन्जी आन्दोलनका यी प्रतिनिधिहरूले मन्त्री पदलाई केवल आफ्नो बायोडाटा बलियो बनाउने माध्यम मात्र बनाएका हुन्रु

अस्थिरताको नयाँ मोडेल

यी मन्त्रीहरूको कदमले एउटा खतरनाक भाष्य स्थापित गरेको छस् काम पर्दा भाग्ने, चुनाव आउँदा जाग्ने।चुनावको मिति तोक्ने अनि आफैँ मैदानमा उत्रिने यो अजिम्मेवारु खेलले सर्वसाधारणमा निराशा छाएको छ। जनताले उनीहरूलाई मन्त्रीका रूपमा केही परिवर्तनको बीउ रोप्न पठाएका थिए, तर उनीहरू त बाली काट्ने हतारोमा बीउ नै कुल्चेर हिँडेका छन्।

निष्कर्षस् सिंहदरबारको कुर्सी कुनै म्युजियमको सोपिस होइन, जहाँ केही समय बसेर फोटो खिचेपछि हिँड्न पाइयोस्। कुलमान, महावीर र बब्लुजीहरूले बुझ्नुपर्छ– जनताले काम हेर्छन्, केवल अनुहार होइन। आन्दोलनले ल्याएको अवसरलाई चुनावी स्वार्थमा तिलाञ्जली दिनु भनेको मतदाताको विश्वासमाथि गरिएको प्राविधिक धोकाु हो।

आन्दोलनको रापले रातातात भएका अनुहारहरू चुनावको राप देख्नेबित्तिकै सिंहदरबारको शितल ओत छाडेर किन सडकमा पछारिन पुगेरु के मन्त्री पद उनीहरूका लागि केवल एउटा भिजिटिङ कार्डु मात्रै थियोरु

# पोखराको फोहोर व्यवस्थापन : विवादको चंगुल, सडकमै फोहोरको डंगुर

पोखरा । पोखरा-९ नयाँबजार बुद्धपार्कस्थित बिजुलीको पोलमा लेखिएको छ- यहाँ फोहोर फाल्न मनाही छ । सँगैको चौतारामा फोहोर नफाल्न, वातावरण स्वच्छ र सफा राख्न अपिल गर्दै सन्देशमूलक सूचना टाँसिएको छ।

तर, जहाँ सूचनाको ब्यानर टाँगिएको छ, त्यसको ठिक अगाडि फोहोरको डंगुर छ। पैदल यात्रुहरू नाक थुनेर हिँडिरहेका छन् । यो दृश्यले पोखरालाई गिज्याइरहेझैं लाग्छ ।

सिर्जनचोकमा यात्रुका लागि प्रतीक्षालय बनाइएको छ। त्यो प्रतीक्षालयमा थुपारिएको फोहोर र फैलिएको दुर्गन्धले आसपासका व्यवसायी, पैदलयात्रु र नजिकैको अस्पतालसम्म असर गरेको छ । फोहोरको थुप्रोमा झिंगा भन्किरहेका छन् ।

यी दुई दृश्य उदाहरण मात्रै हुन्, पोखरामा केही दिनदेखि मुख्य सडक र चोकहरूमा यही नियति पटकपटक दोहोरिएको छ। फोहोर व्यवस्थापन समस्याको चंगुलमा फस्दा पोखरामा केही दिनदेखि फोहोर उठ्न सकेको छैन । मुख्य सडक र चोकहरूमै फोहोर थुपारिँदा दैनिक सयौं पर्यटक आउजाउ गर्ने पोखरा नै दुर्गन्धित बन्न पुगेको छ ।

तत्काललाई विकल्प खडा गरी सडकमा थुप्रिएको फोहोर उठाइहाले पनि दीर्घकालीन व्यवस्थापन टाउको दुखाइ बनेको छ ।

पोखरा-३२ लामेआहालमा रहेको अस्थायी ल्यान्डफिल साइट भरिएको छ भने स्थायीयवासीले फोहोर लैजानै रोक लगएका छन् । पोखरा महानगरले विकल्प खोजिरहेको बताएको भए पनि निर्णयमा पुग्न सकेको छैन ।

एकातिर ल्यान्डफिल साइटमा फोहोर लान नसकेर सडकमै थुप्रिएको छ भने अर्कोतिर पछिल्लो महिनामा पोखरा-३३ मा बनाउने भनिएको फोहोर प्रशोधन केन्द्रको विषयले स्थानीय आन्दोलित छन् । पुँडीटार क्षेत्रमा फाहोर व्यवस्थापन गर्न स्थानीयलाई बुझाउने, त्यसको मोडल र वातावरणीय प्रभावका बारेमा नबुझाउँदा प्रदर्शन भएका छन् ।

विवाद बढ्दै गएपछि तोडफोड र वडाध्यक्ष रामचन्द्र अधिकारीले खुकुरी नचाएको घटना देशभर चर्चाको विषय बनेको थियो। अहिले पनि त्यहाँका स्थानीय विरोधमै छन् । अस्थायी ल्यान्डफिल साइडको समस्या बल्झिएपछि पोखराका मेयर धनराज आचार्यका निम्ति ठूलो चुनौती बन्न पुगेको छ ।

चुनाव नजिकिएसँगै पोखराको फोहोर व्यवस्थापनको विषय थप पेचिलो बन्ने देखिएको छ । महानगरले तत्काल विकल्प खोजे पनि त्यसले समाधान नदिने वडा नम्बर ३२ का वडाध्यक्ष अक्कलबहादुर कार्कीको भनाइ छ । पोखरा महानगरका प्रमुख प्रशासकीय अधिकृत मुक्ति अर्याल, वडाध्यक्ष कार्की लगायतको टोलीले वैकल्पका रूपमा फोहोर व्यवस्थापन गर्न सकिने जग्गाहरूको खोजी गरिरहेको छ ।

पोखरा-३२ कै मझुवा भन्ने ठाउँमा व्यवस्थापन गर्न सकिने देखेर महानगरको टोलीले जग्गा हेरिरहेको तर निष्कर्षमा पुग्न नसक्दा पोखराका सडक



र चोकहरूमा थुप्रिएको फोहोर उठ्ने अझै टुंगो छैन । महानगरले फोहोर घरमै छुट्याएर राख्न र सडक तथा चोकमा नथुपार्न सूचना नै जारी गरेको छ ।

महानरपालिकाले बेलैमा समस्या समाधान गर्न विकल्पको खोजी गर्ने, फोहोर प्रशोधन केन्द्रबारे नागरिकलाई बुझाउने र पारदर्शी रूपमा व्यवस्थापनको काम नगर्दा पटकपटक अवरोध हुँदै आएको छ ।

पोखराको फोहोर व्यवस्थापन विवाद र समस्याको चंगुलमा फस्न पुगेको छ । पोखरा विमानस्थलमा १ जनवरी (१७ पुस) देखि व्यावसायिक उडान हुनुअघि पोखरा-१४ बाच्छेबुडुवाबाट ल्यान्डफिल साइट सारिएको हो ।

विमानस्थल नजिकै ल्यान्डफिल साइट हुँदा उडान हुन नसक्ने भन्दै तत्काल पोखराको फोहोर व्यवस्थापनको विकल्प खोज्न आयोजनाले मेयर मानबहादुर जीसीको पालादेखि नै भन्दै आएको थियो । तर टुंगो लगाउन नसक्दै मेयर जीसी बिरामी परे र कार्यकाल नै सकियो ।

२०७९ को चुनावपछि पोखराको मेयर बनेर आएका धनराज आचार्यको प्रमुख चुनौती नै ल्यान्डफिल साइडको विकल्प खोज्नु थियो । पोखराका विभिन्न ठाउँमा प्रस्ताव गर्दै स्थानीयले विरोध गर्ने र निर्णय गर्न नसक्ने हुँदै गर्दा पोखरा-३२ लामेआहालमा अस्थायी ल्यान्डफिल साइटको रूपमा सेती किनारमा व्यवस्थापन गर्ने र तत्काल फोहार प्रशोधन केन्द्र निर्माणको प्रक्रिया थाल्ने मेयर आचार्यले बताएका थिए ।

मेयर आचार्यले ३ महिना भित्र टिकट काटेर हेर्ने प्रशोधन केन्द्र बनाउने बताएका थिए । जग्गा व्यवस्थापन, त्यसको प्रारम्भिक अध्ययन, लागत अनुमानसमेत नगरी केही महिनामै टिकट काटेर हेर्ने फोहोर प्रशोधन केन्द्र बनाउने भनेर मेयर आचार्यले गरेको ठोकुवा पोखराकै निम्ति भारी बन्न पुग्यो ।

स्थानीयसँग ६ महिनाका लागि लामेआहालमा फोहोर व्यवस्थापन गर्न दिने सम्झौता भएको थियो । २०८० को सुरुवातदेखि नै स्थायीयले फोहोर लैजान अवरोध गरेका थिए ।

पोखरा महानगरले सम्झौताअनुसार स्थानीयका माग सम्बोधन नगरेको, सम्झौता सकिइसकेपछि पनि अर्को विकल्प नखोजिएको भन्दै पटकपटक फोहोर लैजान स्थानीयले अवरोध गर्दै आएका छन् । तत्काललाई समस्या समाधान गर्ने र त्यसपछि अर्को विकल्प नखोज्दा पोखराको फोहोर व्यवस्थापनमा फेरि समस्या निम्तिएको छ ।

पोखराको फोहोर उठाउने निजी कम्पनीको म्याद सकिएपछि बिनाप्रतिस्पर्धा राजस्व घाटा खाएर म्याद थपिएको थियो । आउँदो असारमा उनीहरूसँगको सम्झौता पनि सकिँदै छ। एकातिर राजस्व घाटा खाएर विनाप्रतिस्पर्धा पुरानै कम्पनीलाई फोहोर उठाउने जिम्मा दिने र अर्कोतिर महानगरकै स्वार्थसमेत बाझिएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि यो विषयमा छानबिन गरिरहेको छ ।

अहिले पोखरामा संकलन हुने फोहोर ८ वटा कम्पनीले ल्यान्डफिल साइट पुऱ्याउँदै आएका छन् । बिनाप्रतिस्पर्धा तिनै कम्पनीहरूलाई पटकपटक जिम्मेवारी दिइएपछि महानगरमाथि नै प्रश्न उठ्दै आएको छ ।

महानगरलाई पहिलेभन्दा ठूलो आर्थिक घाटा पर्ने गरी ३ वर्षका लागि पहिलेकै कम्पनीलाई म्याद थपिएपछि अख्तियार र महालेखाको कार्यालयले प्रश्न उठाउँदै आइरहेको छ । यी कम्पनीले यसअघि वार्षिक १ करोड ७० लाख रूपैयाँ राजस्व बुझाउँथे । तर अहिले भने ३ वर्षको १ करोड ८६ लाख रुपैयाँ मात्र राजस्व पाउने गरी बिनाप्रतिस्पर्धा ठेक्का लगाइएको छ ।

पोखराको फोहोर व्यवस्थापनका नाममा विभिन्न विवाद र ठूलो बजेटसमेत खर्च हुँदै आएको छ । बिनाप्रतिस्पर्धा निजी कम्पनीहरूलाई ठेक्का दिनेदेखि माटो पुर्ने, माटो व्यवस्थापनसम्मको कामका लागि भन्दै करोडौं रुपैयाँ खर्चसमेत भएको छ । यी विषयहरूमाथि महालेखा परीक्षकको कार्यालयले प्रश्न उठाउँदै आइरहेको छ भने अख्तियारले समेत निजी कम्पनी, पोखराका मेयरदेखि जनप्रतिनिधि लगायतलाई बयानका लागि बोलाइरहेको छ ।

महानगरको पन्ध्रौं कार्यपालिका बैठक र गत वर्ष फागुनमा भएको विशेष नगरसभा बैठकले २०८३ असारसम्मका लागि म्याद थप्ने निर्णय गरेको थियो । पोखराको दीर्घकालीन फोहोर व्यवस्थापनका लागि भन्दै नेपालका विभिन्न शहरदेखि भारतका विभिन्न ठाउँमा कर्मचारी-जनप्रतिनिधिको टोलीले भ्रमण गरेको थियो । तर समस्या भने सुल्झिनुको सट्टा बल्झिँदै गएको छ । 'अस्थायी ल्यान्डफिल साइटको विकल्पको खोजी गर्दैछौं । हामीले विभिन्न ठाउँ हेर्‍यौं । मझुवातिर पनि हेरिएको छ । छिट्टै निर्णय गरेर पोखराको फोहोर उठ्छ,' प्रमुख प्रशासकीय अधिकृत अर्यालले भने । पोखराका मेयर आचार्यले स्थानीयको सहजीकरण बिना फोहोरको समस्या नसुल्झिने बताएका छन् । मुआब्जाको प्रक्रिया र दररेट मूल्यांकनको विषयले फोहोर प्रशोधन केन्द्र निर्माण प्रक्रिया केही ढिला भएको मेयर आचार्यको भनाइ छ ।

'जहाँ बनाउने भन्यो उतै विरोध र अवरोध गरेर त कसरी हल निस्किन्छ, यो मेयरको मात्रै समस्या हो भनेर बुझ्नुभएन,' आचार्यले भने, 'अस्थायी ल्यान्डफिल साइटको समस्या छिट्टै हट्छ र नयाँका लागि सबै स्थानीय र राजनीतिक दल, सरोकारवालाको समन्वय र सहयोग चाहिन्छ ।'

पोखराको फोहोर व्यवस्थापनका विषयमा राजनीतिक दलहरूले पनि बेवास्ता गरेका छन् । चुनाव नजिकिँदा तत्काल प्रशोधन केन्द्रको नाम पनि अगाडि नबढ्ने देखिएको छ ।

महानगर सरसफाइ शाखाका अनुसार हाल पोखरा महानगरबाट दैनिक २०० टन फोहोर व्यवस्थापन गर्नुपर्छ । पोखरा-३३ मा फोहोर प्रशोधन केन्द्र निर्माणका लागि पोखरा महानगरपालिका र प्रशोधन केन्द्र निर्माणका लागि छनोट भएको कम्पनी टेरासोल्भ रिनुएवल प्रालिबीच गत मंसिर २ गते सार्वजनिक निजी साझेदारी कार्यक्रमअन्तर्गत सम्झौता भएर प्रक्रिया अगाडि बढाइएको थियो ।

एकातिर महानगरले नै रोक्कामा राखेको १७ जना जग्गाधनीको ९६ रोपनी जग्गाको विवाद कायमै छ भने अर्कोतिर फोहोर प्रशोधन केन्द्र निर्माणस्थल आसपासका स्थानीयले सहमतिबिना निर्माण हुन नदिने भन्दै आन्दोलन गरिरहेका छन् ।

कमसल जग्गाको बढी मूल्यांकन गरेर पेस गरिएको भन्दै प्रमुख जिल्ला अधिकारी नेतृत्वको मूल्यांकन समितिले फाइल रोकिदिएको थियो ।

स्थानीयको जग्गा रोक्का गर्दै बैना दिनका लागि पोखरा महानगरको खाताबाट ५५ लाख रुपैयाँ वडाध्यक्ष रामचन्द्रको खातामा पठाएको पाइएको थियो । सरकारी पैसा व्यक्तिको खाता पठाएको विषय सार्वजनिक भएपछि वडाध्यक्ष र मेयर आचार्य सहितले हिसाब मिलान गराएका थिए। तर त्यो पैसाबाट स्थानीयले भने बैना पाइसकेका थिए ।

अस्थायी ल्यान्डफिल साइट र स्थायी फोहोर प्रशोधन केन्द्र निर्माणका लागि जग्गा खोज्ने संयोजक वडा नम्बर ३३ कै वडाध्यक्ष थिए भने मेयर आचार्य पनि सोही वडामा हुन् । फोहोर प्रशोधन केन्द्र निर्माण तथा सञ्चालकका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रमअन्तर्गत सूचना आह्वानसमेत २०७९ चैतमै भएको थियो । जसमा ५ वटा कम्पनीले मनसायपत्र पेस गरेका थिए । त्यसमा पनि ३ वटा कम्पनी छानेर २०८० मंसिर १७ मा बैठकले टेरासल्व रिन्युएवलको प्रस्तावलाई स्वीकृत गर्दै प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन गर्ने निर्णय भएको थियो । करिब डेढ अर्ब लगानी गर्ने, जग्गाको व्यवस्थापन भने ६ महिना भित्र महानगरले गरिदिने त्यसपछि पनि नभए स्वतः सम्झौता रद्द हुने सहमति छ ।

## रामेछाप डायरी

# रामेछापमा उत्साहपूर्वक १७ जना उम्मेदवारको मनोनयन दर्ता

काठमाडौं- फागुन २१ गते हुने प्रतिनिधि सभाको प्रत्यक्ष तर्फ एक निर्वाचन क्षेत्र भएको रामेछाप जिल्लामा १७ जनाले मनोनयन दर्ता गराएका छन । नेपाली काँग्रेसबाट रामचन्द्र खड्का,नेकपा एमालेबाट माधव प्रसाद ढुंगेल,नेपाली कम्युनिस्ट पार्टीबाट श्याम कुमार श्रेष्ठले उम्मेदवारी दर्ता गराउनुभयो ।

यसैगरी रास्वपाबाट डा. कृष्ण हरी बुढाथोकी,उज्यालो नेपाल पार्टीबाट दिपबहादुर योञ्जन,राप्रपाबाट गोरेबहादुर तामाङ,श्रम संस्कृति पार्टीबाट डिबि थापा मगले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

यसैगरी राष्टिय जनमोर्चाबाट अर्जन बहादर थापा मगर,नेमकिपाबाट केशरी श्रेष्ठ,प्रगतिशिल लोकतान्त्रिक पार्टीबाट विरेन्द्र श्रेष्ठ,आम जनता पार्टीबाट पदम बहादुर तामाङ,मंगोल



नेशनल अर्गनाईजशन पार्टीबाट बिनोद घिसिङ,नेकपा माओवादीबाट यमुन बहादुर बस्नेत,नेशनल रिपब्लिक पार्टीबाट याम बहादुर मोक्तानले मनोनयन दर्ता गराउनुभयो ।

यसैगरी बाबुकाजि खड्का,सन्तोष घिमिरे र अरुण कार्कीले स्वतन्त्र रुपमा मनोनयन दर्ता गराएका छन । उम्मेदवारी दर्तालाई व्यवस्थित र मर्यादित तुल्याउन सर्वदलीय सहमतिका आधारमा निर्वाचनमा भाग लिने पार्टी र उम्मेदवारलाई फरक-फरक समय तोकिएको र सोही अनुसार मनोनयनको काम सम्पन्न भएको हो ।

# जगदीश घिमिरे स्मृति पुरस्कारबाट साहित्यकार पवन र मिना सम्मानित




रामेछाप- जगदीश घिमिरे स्मृति प्रतिष्ठानले प्रदान गर्दै आएको पुरस्कारबाट दुई जना साहित्यकार सम्मानित भएका छन । शनिबार सदरमुकाम मन्थलीमा आयोजित जगदीश घिमिरे स्मृति साहित्यिक सभा कार्यक्रममा यस बर्षको पुरस्कार साहित्यकार पवन आलोकलाई प्रदान गरिएको छ ।

प्रतिष्ठानले गत बर्षको पुरस्कार भने साहित्यकार मिना चौलागाईलाई प्रदान गरेको हो । दुबै जना साहित्यकारलाई ५१ हजार राशीको पुरस्कार सहित सम्मान गरिएको हो ।

प्रतिष्ठानकी अध्यक्ष दुर्गा घिमिरे लगायत कार्यक्रमका प्रमुख तथा विशिष्ट अतिथीहरुले पुरस्कार हस्तान्तरण गर्नुभयो । प्रतिष्ठानले यसका विद्यार्थीहरु विचमा बक्तृत्वकलाको समेत आयोजना गरेको हो । बक्तृत्वकला प्रतियोगितामा नागकन्या माविकी छात्रा सन्ध्या माझि प्रथम,लिटिर स्टारकी छात्रा संगिता थापा द्धितिय,नागकन्या माविकी छात्रा रोनिका माझि तृतिय भएका छन । कर्कलादेवी स्कुलकी छात्रा गरिमा नेपाली,मन्थली माविकी छात्रा मन्जिता कार्की र लिटिल स्टारकी छात्रा समिक्षा दंगाल सान्त्वना भएका छन ।

मन्थली नगरपालिकाका उपप्रमुख ईश्वरी बस्नेतको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा स्थानिय तथा राष्टियस्तरका साहित्यकारहरुले कविता,गजल,मुक्तक प्रस्तुत गरेका थिए । कार्यक्रममा बोल्ने वक्ताहरुले साहित्यकार जगदीश घिमिरेको योगदानको चर्चा गरेका थिए। मल्टिपल माईलोमा क्यान्सरबाट पिडित भएपछि घिमिरेले २०६३ साल देखि हरेक बर्षको हिउँदमा रामेछापको मन्थलीमा साहित्य सम्मेलनको आयोजना गरी राष्ट्रिय तथा स्थानीय साहित्यकार एकाकार गरी साहित्यको चर्चा गर्ने गरेका थिए । घिमिरेको २०७० साल कार्तिक १४ गते क्यान्सरका कारण ओम अस्पताल काठमाडौंमा निधन भएको थियो ।

# महोत्तरीमा चार लाख ३१ हजार मतदाता कायम



जलेश्वर (महोत्तरी) । जिल्ला निर्वाचन कार्यालय, महोत्तरीले मतदाता नामावली अद्यावधिक गरेको छ ।

उक्त कार्यालयका अनुसार जिल्लामा चार लाख ३१ हजार २८२ जना मतदाता कायम भएका छन् । जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले चारवटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा निर्वाचन क्षेत्र नम्बर १ मा ५६ हजार २२२ पुरुष, ४९ हजार ४२२ महिला र अन्य दुई जना गरी जम्मा मतदाता सङ्ख्या एक लाख पाँच हजार ६४६ जना कायम भएका छन् ।

यसैगरी, निर्वाचन क्षेत्र नं २ मा ५८ हजार ८६१ पुरुष र ४८ हजार ७३३ महिला, निर्वाचन क्षेत्र नं ३ मा ५९ हजार ९५० पुरुष र ५० हजार ८८६ महिला, निर्वाचन क्षेत्र नं ४ मा ६० हजार १५० पुरुष र ४७ हजार ४५६ महिला कायम भएका निर्वाचन अधिकारी झाले बताउनुभयो ।

यसैगरी, ३४ हजार २५२ नयाँ मतदाता थपिएका छन् । योसँगै जिल्लामा मतदाता सङ्ख्या चार लाख ३१ हजार २८२ पुगेको छ । यसअघि जिल्लामा तीन लाख ९७ हजार ३० जना मतदाता थिए । अब जिल्लामा २५८ मतदानस्थल र ५३६ मतदान केन्द्र कायम भएका छन् । जिल्लाको निर्वाचन क्षेत्र नं १ मा जम्मा ५९ वटा मतदानस्थल र १३० वटा मतदान केन्द्र कायम भएका छन् ।

यसैगरी, क्षेत्र नं २ मा ६२ वटा मतदानस्थल र १३३ वटा मतदान केन्द्र, क्षेत्र नं ३ मा ७७ वटा मतदानस्थल र १४२ वटा मतदान केन्द्र, क्षेत्र नं ४ मा ६० वटा मतदानस्थल र १३१ वटा मतदान केन्द्र कायम भएका छन् ।


जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २५,
२०८२ साल माघ ६ गते मंगलबार
20 JANURY 2026, TUESDAY

# नेपाल लाइफ समृद्धि लगानी योजनाको इकाई खुल्यो

काठमाडौं- नेपाल लाइफ क्यापिटलले सामूहिक लगानी कोष नेपाल लाइफ समृद्धि लगानी योजनाको इकाई सार्वजनिक निष्कासन तथा बिक्री खुला गरेको छ ।

क्यापिटलले प्रतिइकाई १० रूपैयाँ अंकित दरमा एक अर्ब ६० करोड रुपैयाँ बराबरको १६ करोड इकाई बिक्रीमा ल्याउन लागेको हो। नेपाल लाइफ म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने सो योजना १० वर्षे बन्दमुखी प्रकृतिको योजना हो ।

निष्कासन गरिने कुल १६ करोड इकाईको न्यूनतम १५ प्रतिशत इकाई वा २ करोड ४० लाख इकाईमध्ये १४ प्रतिशत अर्थात् २ करोड २४ लाख इकाई कोष प्रवर्द्धक कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडलाई र




१ प्रतिशत अर्थात १६ लाख इकाई योजना व्यवस्थापकलाई सुरक्षित गरी बाँकी रहेको १३ करोड ६० लाख इकाई सर्वसाधरणलाई बिक्री गर्न लागेको हो।

उक्त योजनामा न्यूनतम १०० देखि १ करोड ६० लाख इकाईसम्म आवेदन दिन सकिनेछ।योजनाको इकाईमा माघ ८ गतेसम्म आवेदन दिन सकिनेछ। उक्त समयमा सबै इकाई बिक्री नभएमा माघ १८ गतेसम्म आवेदन खुला रहने क्यापिटलले जनाएको छ।

योजनाको धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक नेपाल लाइफ क्यापिटल लिमिटेड रहेको छ। इकाई खरिदका लागि लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयबाट आवेदन दिन सकिनेछ।

यसका साथै सिडिएस एण्ड क्लियरिङ लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर ‘मेरो सेयर’ अनलाइन प्रयोग गरी सि-आस्बा प्रणाली मार्फत पनि आवेदन दिन सक्नेछन्।

# नेशनल लाईफको एम ,डिआर, टी सम्मान तथा तालिम कार्यक्रम सम्पन्न

काठमाडौं- नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि.लेधुलिखेल स्थित दुषित थानी हिमालयन रिसोर्टमा कम्पनीकाअध्यक्ष श्रीमती प्रेमा राज्य लक्ष्मी सिंहको प्रमुख आतिथ्य तथा प्रमुख कार्यकारी अधिकृतको सभापतित्वमा एम.डि.आर.टी सम्मान तथा तालिम कार्यक्रम सम्पन्न गरेको छ ।

अभिकर्ताहरुको अन्तराष्ट्रिय फोरम एमडिआरटीले एमडिआरटी २०२६ का लागि तोकेको बीमाशुल्क संकलन गरी नेपालभरबाट टिओटीमा २ जना सिओटीमा ४ जना र एमडिआरटीमा ७७ जना गरी छनौट हुनुभएका ८३ जना अभिकर्ताहरुलाई भव्य समारोहका बिच सम्मान गरेको छ ।

कम्पनीका अध्यक्ष श्रीमती प्रेमा राज्य लक्ष्मी सिंहले पानसमा द्विप प्रज्वलन गर्नंहुँदै शुभारम्भ गरिएको सो कार्यक्रममा सहभागि हुनु भएका अभिकर्ताहरुलाई चर्चित अन्तर्राष्ट्रिय प्रशिक्षक काजिम रजाले जीवन बीमा व्यवसायमा थप हौसला प्रदान गर्दै अभिकर्ताहरुको व्यवसायिक दक्षता अभिवृद्धि गरी निरन्तर एमडिआरटीको लक्ष्य पुरा गराउने उदेश्यले विभिन्न उदाहरण प्रस्तुत गर्दै तालिम प्रदान गर्नं भएको थियो ।

समारोहमा प्रमुख कार्यकारी अधिकृतज्ले कम्पनीलाई अग्रस्थानमा पुर्‍याउन महत्वपूर्ण भुमिका




खेल्ने अभिकर्ता समूहलाई उच्च प्राथमिकतामा राख्दै केही नयाँ अभ्यासहरु शुरु गरेको र यसबाट अभिकर्ताहरु उत्साही भएको बताउनु भयो ।

वहाँले एमडिआरटी २०२६ मा तोकिएको बीमाशुल्क संकलन गरी एमडिआरटी सिओटी र टिओटीको गरिमामय लक्ष्य हासिल गर्न सफल सबै अभिकर्ताहरुलाई विशेष

सम्मान गर्नंभएको थियो साथै कम्पनीले एमडिआरटी अभिकर्ता उत्पादनलाई थप बल पुग्ने गरी ल्याएको मासिक योजना चेज योर एमडिआरटीमा सफल हुने अभिकर्तालाई तोकिएको प्रोत्साहन प्रदान गर्नंभएको थियो । यसै गरी सबै भन्दा बढि एमडिआरटी अभिकर्ता उत्पादन गर्न सफल तिनकुने शाखालाई पनि सम्मान गर्नं भएको थियो ।

कम्पनीको उप प्रमुख कार्यकारी अधिकृत स्मृती राज कँडेलले सहभागिहरुलाई स्वागत गर्नंभएको सो कार्यक्रममा कम्पनीका नायब महाप्रवन्धक प्रज्वल सायमीले धन्यवाद ज्ञापन गर्नंभएको थियो ।

विभिन्न मनोरन्जानात्मक प्रस्तुती, उपलब्धिमूलक उत्प्रेरक तालिम र उच्चस्तरको सम्मान कार्यक्रम समावेश गरिएको भव्य समारोहमा सम्मानित भई प्रमुख कार्यकारी अधिकृतबाट सम्मान ग्रहण गर्न पाउँदा आफुहरुले गरेको मेहनतको कदर भएको र अत्यन्तै गर्व लागेको सम्मानित बिजनेश लिडरहरुले बताउनु भएको थियो ।

# एनआइसी एसिया बैंकको सम्पत्ति लिलाम बिक्री सम्बन्धी जानकारी लिलाम बिक्री पोर्टलमा




काठमाडौं- एनआइसी एसिया बैंकको नाममा रहेका बैंकिङ सम्पत्तिहरू, गैर बैंकिङ सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्ति समेतको लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारी गराउने उद्देश्यले एक अनलाइन पोर्टल सार्वजनिक गरिसकिएको छ ।

बैंकले सञ्चालनमा ल्याएको यस अनलाइन पोर्टल मार्फत बैंकले लिलाम बिक्री गर्ने सम्पत्तिहरू सम्बन्धी सम्पूर्ण सूचनाहरूको बारेमा विस्तृत जानकारी समेटिएको छ।यसको लागि ग्राहकहरूले लिलाम बिक्री सम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी आउने पोर्टल भित्र लिलाम बिक्रीमा रहेका सम्पत्तिहरूको कित्ता नं। तथा क्षेत्रफल सहितको विवरण, फोटो, नक्सा एवं उक्त सम्पत्तिको स्थान पहिचानका लागि गुगल म्याप सहितका विविध जानकारीहरू प्राप्त गर्न सक्नेछन्।

यसरी ग्राहकहरूले बैंकले लिलाम बिक्रीमा राखिएको सम्पत्तिको सम्बन्धमा खरिद गर्न चाहेको सम्पत्तिको बारेमा थप जानकारी लिन आवश्यक भएमा सोही सम्पत्ति विवरण रहेको ठाउँमा उपलब्ध म्यासेज बक्समा आफ्नो पूरा नाम, इमेल ठेगाना, मोबाइल नम्बर, सम्पर्क ठेगाना राखी म्यासेज समेत पठाउन सकिने व्यवस्था बैंकले गरेको छ।

बैंकले सञ्चालनमा ल्याएको उक्त अनलाइन पोर्टलमा नियमित रुपमा बैंकिङ सम्पत्ति, गैर बैंकिङ सम्पत्ति तथा बैंकमा धितो सुरक्षण रही लिलाम बिक्रीमा रहेको सम्पत्तिहरू र लिलाम बिक्री सम्बन्धी अन्य सूचनाहरू प्रकाशित गरिने हुँदा खरिद गर्न इच्छुक ग्राहकहरूले अनलाइन पोर्टलको लिंक बाटै बिक्री हुने सम्पत्तिहरूको विस्तृत विवरणहरू सहितको जानकारी लिई लाभ लिन सक्ने बैंकले विश्वास लिएको छ।

# ग्लोबल आइएमई बैंकको ग्लोबल हाट बजार ५०औं हप्तामा



काठमाडौं- ग्लोबल आइएमई बैंकद्वारा स्थानीय लघु, साना तथा मझौला उद्योगको प्रवर्द्धन गर्ने उद्देश्यले माघ २ गते शुक्रबार ५० औं ग्लोबल हाट बजार आयोजना गर्दैछ। सबैको निरन्तर उत्साह र सक्रिय सहभागिताले नै यस साप्ताहिक कार्यक्रमलाई स्थानीय उद्योगहरूका लागि आफ्ना रैथाने दिगो उत्पादनहरू प्रदर्शन गर्ने एक प्रभावकारी माध्यम बनाएको बैंकले बताएको छ।

५० औं संस्करण यो यात्रा आइपुगेकोमा यात्रा सुखद बनेको बैंकका प्रमुख कार्यकारी अधिकृत(सिइओ) सुरेन्द्रराज रेग्मीले बताए। यस कार्यक्रममा साथ दिने र सहभागी हुने सम्पूर्ण व्यक्ति तथा उद्यमीहरूलाई उनले धन्यवाद दिएका छन्। साथै, यो प्लेटफर्मले साना र मझौला उद्यमहरूलाई डिजिटल भुक्तानीतर्फ अभ्यस्त गर्दै उनीहरूको व्यापारलाई थप सहज र सुरक्षित बनाउने अभ्यासको रूपमा पनि काम गर्नेमा विश्वस्त रहेको रेग्मीले बताए।

# विद्यार्थी र युवाका लागि एनसेलको नयाँ ‘युवा सिम’ लागू

काठमाडौं । एनसेलले जेनजी पुस्ताको सञ्चार आवश्यकतालाई लक्ष्य गर्दै नयाँ स्टार्टर प्याक ‘युवा सिम’ सञ्चालनमा ल्याएको छ। विद्यार्थी तथा युवा वर्गलाई सुलभ शुल्कमा दूरसञ्चार सेवामा सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यसहित ल्याइएको यो प्याक आजदेखि लागू भएको कम्पनीले जनाएको छ।

करसहित २९९ रुपैयाँ मूल्य रहेको यो प्याकमा २८ दिनका लागि अनलिमिटेड एनसेल-टु-एनसेल कल सेवा, ५ जीबी डेटा, डिजिटल वालेट इसेवा र खल्तीमा निःशुल्क डेटा पहुँच तथा अनलाइन शिक्षण प्लेटफर्म ‘मेरो स्कुल’मा निःशुल्क पहुँच उपलब्ध गराइएको छ।

यस प्याकमा अफ-नेट (एनसेलबाट अन्य स्थानीय नेटवर्क) कलका लागि विशेष छुट समेत दिइएको छ। जसअनुसार प्रति मिनेट रु,१ मा कल गर्न सकिनेछ। साथै, तोकिएको ५ जीबी डेटा सकिएपछि पनि ग्राहकले प्रति एमबी ५० पैसामा पे-एज-यू-गो डेटा निरन्तर प्रयोग गर्न




सक्नेछन्। युवा सिमको अर्को विशेष सुविधाअन्तर्गत, ग्राहकले २४ घण्टासम्म मान्य १ जीबी डेटा मात्र रु, १९ मा खरिद गरी फेसबुक, टिकटक र इन्स्टाग्राम प्रयोग गर्न सक्नेछन्।

युवा सिम सार्वजनिक गर्दै एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्तले भने, ‘युवालाई लक्षित गरी विशेष रूपमा तयार गरिएको ‘युवा सिम’ सार्वजनिक गर्न पाउँदा हामी खुसी छौं। यसले युवालाई सधैं कनेक्टेड रहन सहयोग गर्नंका साथै डिजिटल भविष्य र शिक्षासँग जोड्न मद्दत गर्ने विश्वास लिएका छौं।’

युवा सिम लिन इच्छुकले नजिकको एनसेल सेन्टरमा गई नागरिकता वा ड्राइभिङ लाइसेन्स तथा विद्यार्थी परिचयपत्र पेस गर्नंपर्नेछ। नागरिकता वा लाइसेन्स नभएमा अभिभावकको सरकारले जारी गरेको परिचयपत्र र विद्यार्थी परिचयपत्रका आधारमा पनि सिम लिन सकिने एनसेलले जनाएको छ।

यो प्याकको सेवा निरन्तर प्रयोग गर्न हरेक २८ दिनपछि पुनः रु। २९९ तिरेर प्याक नवीकरण गर्नंपर्नेछ। ग्राहकहरूले यो प्याक एनसेल एप वा ८१२३३ डायल गरेर खरिद गर्न सक्नेछन्।

# ऋण नउठ्दा बैंकहरूको पुँजी क्षयीकरण

काठमाडौं- ऋण असुली प्रभावित हुँदा बैंकहरूको पुँजी क्षयीकरण हुन थालेको छ भने त्यसको असर व्यवसाय विस्तारमा परेको छ।

अधिकांश बैंकहरूको प्रोभिजनिङ बढेर नोक्सानी व्यवस्थापनमा रकम थपिंदा पुँजीकोष अनुपात निरन्तर संकुचित भएको छ।

नियामकीय प्रावधान अनुसार वाणिज्य बैंक र राष्ट्रियस्तरका विकास बैंकले प्राथमिक पुँजीकोष अनुपात ८.५ प्रतिशत कायम गर्नंपर्छ।

अहिले वाणिज्य बैंकहरूको औसत प्राथमिक पुँजीकोष अनुपात ९.७० प्रतिशतमा झरेको छ। पोहोर यसै अवधिमा यस्तो अनुपात ९.९५ प्रतिशत थियो।

असुली बिग्रिंदै जाँदा यस्तो अनुपात निरन्तर तल झरिरहेको हो। चालु आर्थिक वर्ष पहिलो त्रैमाससम्म १३ वटा बैंकको पुँजीकोष अनुपात १० प्रतिशतभन्दा तल छ। त्यसमध्ये पनि ४ वाणिज्य बैंकको बोर्डर लाइनमा छ।

पुँजीकोषको सीमा कायम गर्न नसके राष्ट्र बैंकले व्यवसाय विस्तार गर्न रोक लगाउनुका साथै पीसीए लाग्नेसम्मका कारबाही गर्छ। पुँजीकोष दबाबमा रहेका बैंकहरूले हकप्रद सेयरको बाटो रोज्न थालेका छन्।

चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धिमा सहजीकरण गर्ने भनिएका कारण एनआइसी एसिया बैंकले चुक्ता पुँजीको ५० प्रतिशत हकप्रद सेयर जारी गर्न राष्ट्र बैंकसँग पूर्वस्वीकृति मागेको छ।

एनआइसी एसियाले स्वीकृति पाएको खण्डमा पुँजीकोष दबाबमा रहेका अन्य केही बैंक तथा वित्तीय संस्था पनि हकप्रद सेयर निष्कासनको बाटोमा जाने देखिन्छ। तर, राष्ट्र बैंकले मौद्रिक नीतिमा सहजीकरण गर्ने व्यवस्था रहे पनि हकप्रद सेयर जारी गर्न सबैलाई पूर्वस्वीकृति नदिने संकेत गरेको छ।

बंगलादेशी कम्पनी होवलदार युनुसले ठूला १० वाणिज्य बैंकहरूको सम्पत्तिको गुणस्तर परीक्षणको प्रतिवेदन दिएपछि त्यसको विश्लेषणका आधारमा जरुरी पर्नेलाई मात्र हकप्रद सेयर जारी गर्न दिने राष्ट्र बैंकका एक उच्च अधिकारीले बताए।

‘होवलदार युनुसको प्रतिवेदन आइसकेपछि अवस्था हेरर सुधार गर्नंपर्ने योजना अगाडि बढाउछौं,’ ती उच्च अधिकारीले भने, ‘बैंकहरूको एसेट क्वालिटी नराम्रो भयो। खर्च बढ्यो। बढेको प्रोभिजनिङले पुँजीकोष घटेर व्यवसाय नै गर्न नसकिने अवस्थामा कति प्रतिशत राइट जारी गर्न दिंदा उसले व्यवसाय गर्न सक्छ? त्यो विश्लेषण गरेर मात्र पूर्वस्वीकृति दिन्छौं। सामान्य अवस्थामा अहिले पनि अविमोच्य असञ्चिति अग्राधिकार सेयर ल्याउन दिइरहेका छौं।’

चालु आर्थिक वर्ष पहिलो त्रैमाससम्म बैंकहरूको खराब कर्जा ५ प्रतिशतभन्दा माथि छ। होवलदार युनुसले भने खराब कर्जा अहिले देखाइएको भन्दा धेरै रहेको ब्रिफिङ राष्ट्र बैंकका उच्च अधिकारीलाई गरिसकेको छ। बैंकहरूको खराब कर्जा बढी भएको अवस्थामा प्रोभिजनिङ थप्दा पुँजीकोष अझै घट्नेछ। पुँजीकोष दबाबमा रहेका बैंकहरूलाई पुँजी बढाउन सहजीकरणस्वरुप राष्ट्र बैंकले अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्कासनको विकल्प दिएको छ।

## खेलकुद

# फुल कन्ट्याक्ट करातेमा सनी, अनिशा र सपनालाई स्वर्ण




काठमाडौँ – आर्मीका सनीसिंह सुनार, एपीएफकी अनिशा तामाङ र आर्मीकी सपना ऐडी सोमबार २४ औं राष्ट्रिय पुरुष खुला तथा १८ औं राष्ट्रिय महिला तौल समूह फुल कन्ट्याक्ट कराते प्रतियोगितामा च्याम्पियन बनेका छन् ।

सनी पुरुष खुला तौल समूह, अनिशा महिला ५५ केजीमुनि र सपना महिला ५५ केजीमाथि विजेता भएका हुन् । त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा भएको पुरुष खुला फाइनलमा सनीले आर्मीकै प्रवीण माझीलाई हराए । आर्मीका भूपेन्द्र ओली तेस्रो र विष्णु थापा मगर चौथो भए ।

महिला ५५ केजीमुनि फाइनलमा अनिशाले आर्मीकी विन्दु चौधरीलाई हराइन् । केडब्लूडब्लूकी सुप्रिया गुरुङ तेस्रो र एपीएफकी निशा सुनुवार चौथो भए ।

नेपाल क्योकुसिन कराते डो संघ बज्रद्वारा आयोजित प्रतियोगिताको महिला ५५ केजीमाथि फाइनलमा सपनाले एपीएफकी सुमित्रा नगरकोटीलाई हराइन् । केडब्लूडब्लूकी रसिला श्रेष्ठ तेस्रो र आर्मीकी अप्सरा कुमाल चौथो भए ।

छैटौं वज्र फाइटको पुरुष ६२ केजीमुनि किलर फाइट क्लबका सुमन याखा राई विजेता भए । उनले फाइनलमा आर्मीका जनकबहादुर धामीलाई हराए । पुरुष ५५ केजीमुनि फाइनलमा केडब्लूडब्लूका मोहम्मद सनउला अन्सारीले आईकेएका सन्देश तामाङलाई पराजित गरे ।

महिला ४६ केजीमुनि आर्मीकी मनीता राई पहिलो भइन् । उनले फाइनलमा केडब्लूडब्लूकी सिवानी आले मगरलाई हराइन् ।

विजेतालाई काठमाडौं महानगरपालिकाका पूर्व मेयर राजाराम श्रेष्ठ, आयोजक संघका संस्थापक अध्यक्ष जगतप्रसाद गौचन, वरिष्ठ उपाध्यक्ष पुष्प मानन्धरलगायतले पुरस्कृत गरे । सबै स्पर्धाका पदक विजेताले नगद पुरस्कार पाए ।

# धादिङ-१ : रास्वपाबाट आशिका तामाङ उम्मेदवार



काठमाडौं- आशिका तामाङ धादिङ-१ बाट उम्मेदवार बन्ने भएकी छन् । उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट टिकट लिएर चुनाव लड्ने भएकी हुन् ।

सोमबार तामाङलाई रास्वपा पार्टी कार्यालयमा गणेश पराजुलीले टिकट दिएका छन् । विभिन्न सामाजिक अभियानमा सक्रिय तामाङले रास्वपाकै समानुपातिक टिकट वितरणलाई लिएर सामाजिक सञ्जालमै असन्तुष्ट व्यक्त गरेकी थिइन् ।

केही दिनअघि उनले आफू सक्रिय राजनीतिमा आउनेबारे छलफल गरिरहेको पनि बताएकी थिइन् । उनले दलगतभन्दा पनि स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेकी थिइन् ।

उनले भनेकी थिइन्, 'म कुनै पनि राजनीतिक दलमा आवद्ध नहुने निर्णयका साथ आगामी हुने संसद् निर्वाचनमा काठमाडौं निर्वाचन क्षेत्र नम्बर २ र ९ लाई प्राथमिकतामा राख्दै स्वतन्त्र उम्मेदवारी घोषण गर्दछु ।'

जेन जेड पुस्ताका युवाले उठाएका आवाज, मुद्दा र परिवर्तनको चाहनालाई सडकदेखि सदनमा सशक्त रुपमा प्रतिनिधित्व हुनुपर्छ भन्ने भावनालाई सम्मान गर्दै स्वतन्त्र उम्मेदवारी दिने निर्णय लिएको उनको भनाइ थियो ।

'यो उम्मेदवारी व्यक्तिगत महत्वाकांक्षाभन्दा पनि नयाँ पुस्ताको आवाज, जवाफदेही राजनीति, पारदर्शिता र व्यावहारिक समाधानको प्रतिबद्धताबाट प्रेरित छ । म विश्वास दिलाउन चाहन्छु कि युवाहरूको सपना, उनीहरूको भविष्य र देशको समग्र हितका लागि दृढ, स्वतन्त्र र निर्भीक रूपमा अघि बढ्नेछु,' उनले भनेकी थिइन् ।

युवा पुस्ताको भावनाको कदर, सडकदेखि सदनसम्म जनसरोकारका मुद्दा, भ्रष्टाचारविरुद्धको निरन्तर लडाइँ आफ्नो अठोट भएको उनको भनाइ छ ।

चलचित्र क्षेत्रबाट उदाएकी तामाङ पछिल्लो केही वर्षदेखि सामाजिक कार्यमा सक्रिय छिन् । फाउण्डेशन नै खोलेर सामाजिक गतिविधिमा लागेकी तामाङले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका शहीद परिवार र घाइतेलाई दाताहरूमार्फत सहायता गरेकी थिइन् ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँगको एकताअघि तामाङलाई बोलाएर सामानुपातिकमा प्रस्ताव गरेका थिए । तर, तामाङले आफू प्रत्यक्षबाटै उम्मेदवार बन्ने बताएकी थिइन् ।

# कांग्रेस सभापति थापाले भने– देउवाले अभिभावकको भूमिका निर्वाह गर्ने अपेक्षा छ



काठमाडौं । नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवा लगायतका नेताहरुबाट अभिभावकको भूमिका निर्वाह हुने अपेक्षा गरेको बताएका छन् ।

शनिबारको केन्द्रीय समिति बैठकअघि पत्रकारहरुसँग कुरा गर्दै थापाले देउवासहित वरिष्ठ नेता शेखर कोइराला र कार्यवाहक सभापति पूर्णबहादुर खड्का लगायतबाट अभिभावक र संरक्षकको भूमिका निर्वाह हुने अपेक्षा गरेको बताएका हुन् ।

कांग्रेसका विमती अन्त्य गर्न र एक ढिक्का बनाउन उनीहरुको भूमिका हुनुपर्ने थापाको भनाइ छ ।

'निवर्तमान सभापति शेरबहादुर देउवाबाट अभिभावक र संरक्षकको भूमिका अपेक्षा गरेका छौं । उहाँले देशभरिका साथीहरूलाई भनिदिनुपर्छ- अब यो रोक,' थापाले भने, 'एक चरणसम्म हाम्रा विमतिहरू रहे, किनकि उहाँ त कार्यकारी भूमिकामा हुनुहुन्नथ्यो ।'

उनले थपे, 'वरिष्ठ नेता शेखर कोइराला र निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काबाट पनि त्यो भूमिका अपेक्षा गरेका छौं ।'

गत पुस २७ देखि माघ १ गतेसम्म चलेको कांग्रेस विशेष महाधिवेशनबाट सभापति चुनिएका थापालाई यही माघ २ गते निर्वाचन आयोगले आधिकारिकताको मान्यता दिएको थियो । त्यसप्रति देउवा पक्षका नेताहरुले आक्रोश व्यक्त गर्दै आएका छन् । कार्यवाहक सभापतिको जिम्मेवारीमा रहेका खड्काले त देशभर आन्दोलन गर्ने र कानुनी लडाइँ लड्ने अभिव्यक्ति दिएका थिए ।

सभापति थापाले केही दिनभित्रमै सबै नेतालाई एकै ठाउँ बसालेर पार्टीलाई अगाडि बढाउनेबारे निर्णय लिने बताए । त्यसका लागि कुराकानी थालिसकेको उनले जानकारी दिए ।

'दुई-तीन दिनभित्र सबै एक ठाउँमा आएर पार्टीलाई अगाडि बढाएको देख्न सक्नुहुन्छ । संवादको थालनी गरिसकेको छु,' थापाले भने, 'पार्टीका साथीहरूसँग विभिन्न तहमा छलफल भएको छ ।'

# 'मधेशमा पहिलो पटक सबै जातजातिका मानिसहरू एकै ठाउँमा देखिएका छन्' : बालेन



तपाईंहरू सबैलाई धेरै धेरै धन्यवाद। यहाँ धेरै जिल्ला र पालिकाबाट मानिसहरू आउनुभएको छ। आज दुईवटा कुरा भयो– एउटा त हामी सबैको मिलन भयो, अर्को जानकी माताको पूजा र दर्शन पनि भयो।

अन्तिममा एउटा सानो कुरा भन्न चाहन्छु। अब एउटा मधेशी छोरा प्रधानमन्त्री बन्नका लागि, एउटा मधेशी 'पीएम' बन्नका लागि सही मान्छे आउनुपर्छ र सही समयमा 'घण्टी' मा भोट हाल्नुपर्छ। सबैलाई फेरि मनैदेखि धन्यवाद ।

विभिन्न आन्दोलनमा सहिद हुनुभएका ज्ञात-अज्ञात सहिदप्रति सम्मान व्यक्त गर्दछु। आज तपाईंहरूको भाषण सुन्ने मुड देखिरहेको छैन। आज भाषण दिऊँ कि नदिऊँ ? म काम गर्ने मान्छे हुँ, काम गरेर देखाउँछु। मलाई काम गर्न दिनुहोस्, जसरी काठमाडौं महानगरवासीले मलाई काम गर्न दिए र मैले काम गरेर देखाएँ, त्यसरी नै मलाई काम गर्न दिनुहोस्।

आजभन्दा करिब डेढ महिनापहिले म यहाँ रामजानकी विवाह महोत्सव मनाउन आएको थिएँ। त्यतिबेला एउटा कुरा याद आयो, एउटा कुराले मनमा धेरै बिझायो।

विश्वकै सबैभन्दा प्रसिद्ध जोडी राम-जानकीको विवाहस्थलमा विवाह हुन्छ, तर आज हामी मधेशी र नेपालीहरू 'डेस्टिनेशन वेडिङ' (विवाह उत्सव) का लागि जयपुर जान्छौं ।

जहाँ स्वयं रामचन्द्रको विवाह भयो, त्यो मिथिलालाई छोडेर हामी बालीमा किन जान्छौं ? किन यहाँ डेस्टिनेशन वेडिङ हुँदैन ? यो सरकारको कस्तो नीति हो ? मिथिलाको व्यवस्थापन, सरसफाइ र आकर्षण किन बढाइँदैन ? यो कुन नीति हो ? आज म दुईवटा कुरा प्रष्ट पार्न चाहन्छु। पहिलो कुरा– मधेशमा पहिलो पटक सबै जातजातिका मानिसहरू एकै ठाउँमा देखिएका छन् । कुनै एउटा जातको मात्र मानिस देखिरहेको छैन, सबै जातका मानिसहरू यसरी मधेशमा पहिलो पटक जुटेका छन्।

दोस्रो कुरा– जनकपुर एउटा कुराका लागि धेरै प्रसिद्ध छ। देशको विकास जनकपुर बोर्डको जस्तै हुनुपर्छ। मधेशको विकास यस्तो हुनुपर्छ कि सबै जाति खुसी होऊन् र सबै जातिको विकास होस्।

धेरैले मलाई काठमाडौंमा र यहाँ जनकपुरमा पनि सोध्नुभयो 'राष्ट्रिय स्वतन्त्र पार्टीको संघीयता र प्रदेशप्रतिको धारणा के हो ?' म यो भन्न चाहन्छु, प्रदेशलाई अझ बलियो बनाउनुपर्छ।

प्रदेशको काम एउटा वडामा गएर ५० हजारको धारा जोड्ने होइन । प्रदेशको काम कम्तीमा तीन-चारवटा पालिकालाई जोड्ने हुनुपर्छ।

अहिले जनकपुरको मेयरले प्रमुख प्रशासकीय अधिकृत फेर्नं पर्‍यो भने काठमाडौं जानुपर्छ। किन ? जनकपुर प्रदेशको राजधानी होइन र ? राजधानी हो भने काठमाडौं किन जानुपर्ने ? सबै काम यहीँ किन नहुने ? त्यसैले प्रदेशलाई बलियो बनाउनुपर्छ ताकि काठमाडौं जानु नपरोस् ।

यहाँ यस्तो व्यवस्था होस् कि काठमाडौं अधिकार माग्न होइन, घुम्नका लागि मात्र गइयोस् । पशुपतिनाथ र स्वयम्भू दर्शन गर्न मात्र काठमाडौं गइयोस्, अधिकार माग्न जान नपरोस् ।

काठमाडौंको मेयरका रूपमा पदमा बसेको लगभग चार वर्ष भयो । तर आत्मिक रूपमा मलाई एउटा कुराले सधैं पोल्छ। सधैं माइतीघर मण्डलामा उखु किसानको आन्दोलन हुन्छ, मिटरब्याज पीडितको आन्दोलन हुन्छ। म मूकदर्शक बनेर कसरी बस्न सक्छु ? काठमाडौंको मेयरका रूपमा मैले केही गर्न नसके पनि उनीहरूलाई भेट्न त सक्छु ।

तपाईंहरू आफैं सोच्नुहोस्, काठमाडौंमा बसेर मैले ३५ वटा पालिकाका लागि एम्बुलेन्सको व्यवस्था गर्न सकें। यदि म संघ सरकारमा पुगें भने कति गर्न सकूँला ?

अहिले सबैजना समाजवाद र लोकतन्त्रका कुरा गर्छन् । तर समाजवाद कहाँ छ ? काठमाडौं महानगरपालिकाले हरेक वर्ष २०,००० विद्यार्थीलाई छात्रवृत्ति दिन्छ । महँगा कलेजहरूमा निःशुल्क पढ्न पाउँछन् । बिना भिसा, बिना टिकट, विदेश नगइकन स्वदेशमै महँगा कलेजमा २०,००० विद्यार्थी निःशुल्क पढ्नु नै 'समाजवाद' हो । महँगा अस्पतालमा विपन्नका लागि १०% बेड निःशुल्क हुनु नै 'समाजवाद' हो ।

जुन समाजवाद काठमाडौं महानगरमा छ, त्यही समाजवाद सातै प्रदेश र ७५३ वटै पालिकामा चाहिन्छ । चाहिन्छ कि चाहिँदैन ? राम्रोसँग भन्नुहोस्, चाहिन्छ कि चाहिँदैन ?

काठमाडौंमा बसेर हामीले मन्दिर, पाटीपौवा, पोखरी र फल्चाहरूको संरक्षण गर्यौं । तर आज मिथिला र जनकपुरका पोखरी, मन्दिर र पाटीपौवाहरू कसैले आएर संरक्षण गरिदेला कि भनेर पर्खेर बसेका छन् । त्यो 'कोही' भनेको राष्ट्रिय स्वतन्त्र पार्टी हो । यहाँका मन्दिर र भूमिको संरक्षण रास्वपाले गर्नेछ ।

मैले आज पहिलो पटक यहाँ भाषण दिँदैछु। किनभने मेयरको पदले गर्दा चार वर्षसम्म म काममा व्यस्त थिएँ, अहिले फुर्सद मिलेको छ। त्यसैले आज बोल्दैछु।

मिथिलाको यो पावन भूमिमा एउटा कुरा भन्न चाहन्छु– पूरा देशमा वार्षिक जम्मा १० लाख पर्यटक आउँछन्। तर भारतको अयोध्यामा वर्षमा १० करोड पर्यटक पुग्छन्। जानकी मातासँग एक्लै १ करोड पर्यटक तान्ने क्षमता छ।

## बालेन सरकारको सदस्य बन्न चाहन्छु, मलाई जिताउनुस् : मनिष झा



जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता मनिष झाले जनकपुर क्षेत्र नम्बर ३ बाट उम्मेदवार घोषणा गरेका छन् ।

जनकपुरधाममा रास्वपाको चुनावी सभालाई सम्बोधन गर्दै उनले बालेन नेतृत्वमा बन्ने सरकारको सदस्य बन्न चाहेकाले आफूलाई विजयी गराउन आग्रह गरे ।

'म बालेनजीको नेतृत्वमा बन्ने सरकारको एकजना सदस्यको रूपमा रहन चाहन्छु । त्यसका लागि तपाईंहरूले मलाई मत दिनुपर्छ, मन दिनुपर्छ, सहयोग गर्नंपर्छ,' उनले भने ।

आफू निर्वाचित भए जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने, अयोध्यादेखि जनकपुर जोडिने भन्दै उनले जनकपुरलाई अध्यात्मको राजधानीको रूपमा विश्वभर परिचित गराउने प्रतिबद्धता जनाए । उनले युवाहरूका लागि रामजानकी रंगशाला निर्माण गर्ने, सुशासन र सार्वजनिक सेवा वृद्धिमा काम गर्ने बताए ।

प्रवक्ता तथा उम्मेदवार झाले रास्वपासँग १०, १५ र २० वर्षमा कहाँ पुग्ने भन्ने योजना रहेको भन्दै त्यही योजनालाई हेरेर मत दिन आग्रह गरे ।

उनले अमरेशकुमार सिंहको नेतृत्वमा मधेशमा परिवर्तन गरेर देखाउने बाचा गरे ।

'एकपटक मौका दिनुस्, एक हजार आठ सय २५ दिनपछि अरु अर्को चुनावमा एकपटक मौका दिनुस् भनेर याचना लिएर आउनेछन्, हामी हामी रिपोर्ट कार्ड लिएर आउनेछौं,' उनले भने ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २५,
२०८२ साल माघ ६ गते मंगलबार
20 JANURY 2026, TUESDAY

# चिसो छल्न बस्ती छाडेपछि सुनसान छ खुम्बू क्षेत्र

सोलुखुम्बू । हरेक वर्षको हिउँदयाममा खुम्बू क्षेत्र सुनसान बन्ने गर्छ । यहाँका स्थानीयहरु चिसो छल्न बेँसी झर्ने भएकाले हिउँदयाममा खुम्बूक्षेत्र सुनसान बन्ने गरेको हो ।

पर्यटकीय यामका बेला पर्यटकको चहलपहलले गुल्जार रहने लुक्ला, नाम्चे, खुम्जुङ, खुन्दे, फाक्दिङ, लोबुचे, गोरक्सेप जस्ता स्थानहरू अहिले सुनसान रहने गर्छ ।

फागुन १५ देखि जेठ १५ सम्म र असोजदेखि मङ्सिर १५ सम्मलाई मुख्य पर्यटकीय याम मानिन्छ । याममा दैनिक ९०० देखि एक हजार जनासम्म पर्यटक प्रवेश हुने खुम्बू क्षेत्रमा अहिले मुस्किलले दुई-चार जना पर्यटक मात्रै आउने गरेको सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय नाम्चेका सूचना अधिकारी विवेक बइजुले जानकारी दिए ।



होटल खोलेरै बसेका कतिपय होटल व्यवसायी फुर्सदिलो बनेको खुम्बू पासाङल्हामु गाउँपालिका-४ का अध्यक्ष लक्ष्मण अधिकारीले बताए । स्थानीय बासिन्दा चिसो छल्न अन्यत्र जाँदा खुम्बू सुनसान बनेको उनको भनाइ छ ।

'यहाँ प्रायजसो चिसो भइरहन्छ । अरु समयमा भन्दा पुस, माघमा झन् धेरै चिसो हुने हुँदा यहाँका मानिस जाडो छल्न बेँसी झर्ने गर्दछन् । चिसो छल्न मङ्सिर पहिलो साताबाटै काठमाडौं, भारतको बोधगयालगायत नेपालका विभिन्न क्षेत्रमा जाने गर्छन्', खुम्जुङ माध्यमिक विद्यालयका शिक्षक तिलक विश्वकर्माले भने ।

स्थानीय तोयाकुमार श्रेष्ठका अनुसार लुक्ला, नाम्चेलगायतका लज सञ्चालकले घरधनी बाहिर जाँदा काम गर्ने मानिसलाई घर जिम्मा लगाएर जाने गरेका छन् । सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चेका कर्मचारीलाई यतिखेर फुर्सद मिलेको छ ।

निकुञ्जमा मुख्य कार्यालय नाम्चेबाहेक १० चौकी छन् । जसमा दुई वटा रेञ्जपोष्ट छन् । मौसम पूर्वानुमान महाशाखाका अनुसार खुम्बू क्षेत्रमा पछिल्ला दिनमा तापक्रम शून्य डिग्री सेल्सियसभन्दा निकै तल छ ।

नाम्चे बजारमा न्यूनतम तापक्रम माइनस ६ देखि ८ डिग्री सेल्सियससम्म पुगेको स्थानीयको भनाइ छ । गोरक्सेप र कालापत्थर क्षेत्रमा तापक्रम माइनस १० डिग्री सेल्सियसभन्दा तल झरेको बताइएको छ ।

## अन्तराष्ट्रिय

# कराँचीको सपिङ मलमा भीषण आगलागी : २१ जनाको मृत्यु

काठमाडौं – पाकिस्तानको कराँचीस्थित एक व्यापारिक मलमा आगलागी हुँदा २१ जनाको मृत्यु भएको छ। शनिबार रातिदेखि सुरु भएको आगलागीमा परी दर्जनौं व्यक्ति अझै बेपत्ता छन्। मृत्यु हुनेमा अग्नि नियन्त्रकहरू समेत रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

कराँचीस्थित 'गुल प्लाजा' मा लागेको आगो निभाउन अग्नि नियन्त्रकहरूलाई २४ घण्टाभन्दा बढी समय लागेको थियो। करिब ८ हजार वर्गमिटर क्षेत्रफलमा फैलिएको उक्त भवनमा १ हजार २०० भन्दा बढी पसलहरू रहेको बीबीसीले उल्लेख गरेको छ।

भवनको ठूलो हिस्सा भत्किएका कारण भग्नावशेष र भेन्टिलेसनको अभावले उद्धार कार्यमा बाधा पुगेको अधिकारीहरूले बताएका छन्। स्थानीय आपत्कालीन सेवाका अनुसार उद्धार टोली घटनास्थल पुग्दा भवनको अधिकांश भाग आगोको चपेटामा परिसकेको थियो।

आफ्ना आफन्त बेपत्ता भएको भन्दै हालसम्म ६० परिवारले निवेदन दर्ता गराएका छन्। हराइरहेकाहरूको विवरण संकलनका लागि स्थानीय प्रशासनले सहायता कक्ष स्थापना गरेको छ। प्रहरीका अनुसार मोबाइल लोकेसनका आधारमा कम्तीमा २६ जना व्यक्ति आगलागीका बेला भवनभित्रै रहेको पुष्टि भएको छ।




'रेस्क्यु ११२२' का प्रवक्ता हसन खानका अनुसार भवनभित्र रहेका प्लास्टिक, कपडा र अत्तर (पर्फ्युम) जस्ता प्रज्वलनशील पदार्थका कारण आगो तीव्र गतिमा फैलिएको हो। आइतबार साँझसम्म पनि भवनका केही हिस्साबाट धुवाँ निस्किरहेको र संरचना थप भत्किन सक्ने जोखिम रहेको बताइएको छ।

भग्नावशेष पन्छाउन क्रेनको प्रयोग गरिए पनि अत्यधिक ताप र धुवाँका कारण खोजतलास कार्य प्रभावित भएको छ। स्थानीय व्यवसायी जैनले आगलागी हुँदा भवनभित्र सयौं मानिस रहेको र आफ्ना धेरै साथीहरू अझै सम्पर्कविहीन रहेको बताएका छन्।

राष्ट्रपति आसिफ अली जरदारीले घटनाप्रति गहिरो दु:ख व्यक्त गर्दै सिन्ध प्रान्त सरकारलाई व्यावसायिक र आवासीय भवनहरूको सुरक्षा मापदण्डबारे विस्तृत समीक्षा गर्न निर्देशन दिएका छन्। सिन्ध सरकारले मृतकका परिवारलाई १० लाख पाकिस्तानी रुपैयाँ (करिब ४ लाख ८० हजार नेपाली रुपैयाँ) क्षतिपूर्ति दिने घोषणा गरेको छ।

# चितवनको सामान्य चुनावबाट डराउँदिन : रेनु दाहाल



काठमाडौं । आगामी प्रतिनिधिसभामा चितवन क्षेत्र नम्बर ३ बाट निर्वाचन उठ्ने तयारीमा रहेकी भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहालले सामान्य चुनावमा आफू नडराउने प्रतिक्रिया दिएकी छिन् ।

सोमबार चितवनमा सञ्चारकर्मीसँगको कुराकानी क्रममा उनले आफू यसपटकको निर्वाचनबाट तरंगित नभएको जिकिर गरेकी हुन् । यसअघि काठमाडौं-१ मा हेभिवेट नेता प्रकाशमान सिंहसँग भिडेरै आएको उल्लेख गर्दै अहिले पनि आफू नडराउने बताइन् ।

त्यतिबेला उनी आफू पराजित भएको भए पनि अहिले नडराउने बताएकी हुन् ।

'कसै न कसैसँग त भिड्नैपर्छ । हिजो पनि भिडेरै आएको हो । हिजो पनि काठमाडौं-१ मा हेभिवेट प्रकाशमानसँग भिडेरै आएको हो । हो पराजित भएँ,' दाहालले भनिन्, 'भिड्नसँग डराउँदिन । हिजो पनि भिडेरै आएको हो । सामान्य चुनावमा डराउने कुरा होइन ।'

चितवन क्षेत्र नम्बर-३ मा रास्वपा नेतृ सोबिता गौतमलाई उम्मेदवार बनाउने तयारी गरेको छ । यसैबीच उनले विभिन्न प्रसंग उठेको उल्लेख गर्दै यस्तो बताएकी हुन् ।

'सोबिता कि रेणु भन्ने कुराहरू आइरहेका छन् । यहाँका दुईवटा नारी यसरी भिडाउन नहुने भन्नेखालका कुरा पनि आएका छन् । सोबिता उठाउँदैछ रे के हो भन्ने जिज्ञासा पनि छन्,' उनले भनिन्, 'सबै जना तरंगित भएजस्तो देखिन्छ । म चाहिँ तरंगित भएको छैन । कत्ति पनि तरंगित छैन । कार्यसम्पादनको हिसाबले कर्मको हिसाबले जनताले मूल्यांकन गर्ने हो ।'

चितवन क्षेत्र नम्बर ३ मा यसपटक हुन लागेको निर्वाचनलाई चासोका साथ हेरिएको छ ।

# निर्वाचन आयोगले भन्यो– मनोनयनमा जाँदा तडकभडक नगर्नू



काठमाडौं । निर्वाचन आयोगका प्रमुख कार्यवाहक निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उम्मेदवारी मनोनयन गर्न जाँदा बाजागाजा लगायत तडकभडक नगर्न चेतावनी दिएका छन् ।

सञ्चारकर्मीहरूसँग सोमवार आयोगमा कुराकानी गर्दै उनले उम्मेदवारी कायम गर्न जाँदा बाजागाजा लगायतका तडकभडक नगर्न चेतावनी दिएका हुन् ।

तडकभडकलाई कानूनले पूर्ण रुपमा निषेध गरेको र आचारसंहीताले पनि निषेध गरेकाले त्यस्ता गतिविधिहरू नगर्न सचेत गराए ।

आचारसंहिता उल्लंघन गर्नेविरुद्ध आयोगले कठोर निर्णय लिने चेतावनी पनि उनले दिए । निष्ठापूर्वक आचारसंहीतालाई परिपालन गर्दै मनोनयन पत्र दाखिल गर्न उनले आग्रह गरे ।

'उम्मेदवारी कायम गर्न जाँदा बाजागाजा लगायतका तडकभडक हुन्छ । यो पूर्ण रुपमा कानुनले निषेध गरेको छ । आचारसंहिताले निषेध गरेको छ,' भण्डारीले भने ।

प्रमुख कार्यवाहक निर्वाचन आयुक्त भण्डारीले अब हुने निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयमुक्त वातावरणमा हुने दाबी गरे ।

'आचारसंहिताले निषेध गरेका कामहरू प्रयोग नगरीकन निष्ठापूर्वक आचारसंहितालाई परिपालन गर्दै मनोनयन पत्र दाखिल गर्न जानुभयो भने सबै सरोकारवाला लगायत मतदाताहरूको र त्यसलाई टड्कारो रुपमा हेरिरहनुभएका विदेशमा रहेका, नेपालको निर्वाचनप्रति चासो र सरोकार राख्ने व्यक्तिहरूको बीचमा पनि अब हुने निर्वाचन, स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयमुक्त वातावरणमा निर्वाचन हुँदैछ,' उनले भने, 'यो निर्वाचनमा कुनै शंका, उपशंका गर्नंपर्दैन ।'

# रास्वपाले टुंग्यायो बाँकी उम्मेदवार, पूर्वउपसभामुख राना झापा २ मा

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधि सभाको उम्मेदवारका लागि थप क्षेत्रहरु निश्चित गरेको छ ।

हिजो राति अबेरसम्म बसेको बैठकले नुवाकोट-१ मा डा.विक्रम तिमिल्सिना र २ मा डा. अच्युतम लामिछानेलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । दाङ क्षेत्र नम्बर ३ मा कमल सुवेदी उम्मेदवार बनेका छन् ।

लमजुङमा धर्म केसी, झापा १ मा निशा डाँगी, झापा २ मा पूर्वउपसभामुख इन्दिरा राना मगर, झापा ३ मा प्रकाश पाठक, झापा ४ मा शम्भु सुस्केरा ढकाल र झापा ५ बालेन्द्र शाह (बालेन) उम्मेदवार छन् । नवलपुर १ मा राजन गौतमले टिकट पाएका छन् ।

जुम्लामा विनिता कठायत, कञ्चनपुर ३ मा ज्ञानेन्द्र महता, दोलखामा इञ्जिनियर जगदीश खरेल, मोरङ १ मा अधिवक्ता यज्ञमणि न्यौपाने, मोरङ ३ मा गणेश कार्कीले टिकट पाएका छन् ।

ओखलढुङ्गामा विश्वराज पोखरेल, स्याङ्जा १ मा धनन्जय रेग्मी, बाजुरामा हेमराज थापा, बागलुङ २ मा जेनजी युवा सोम शर्मा र रामेछापमा डा. कृष्णहरि बुढाथोकी उम्मेदवार छन् ।

तनहुँ क्षेत्र नम्बर २ श्रीराम न्यौपाने र धादिङ क्षेत्र नम्बर २ मा बोधनारायण श्रेष्ठले रास्वपाको टिकट प्राप्त गरेका छन् ।

**सुसंस्कार...**

गतिविधिहरु आंशिक रुपमा देखा पर्न थालेका छन् । स्वन्त्र ढंगवाट सवैको विचार, दर्शन, योजना सुन्न, पढ्न पाउने सर्वसाधरणको अधिकारलाई कसैले पनि कुसंस्कारको बाटो अपनाएर रोख्नु हुदैन ।

आउदै गरेको २०८२ सालको प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक सुसंस्कारयुक्त बनाई नेपालको आउदा भविष्य सभ्य नेपाल असल नेपाली बनाउने उदेश्य राखी नकरात्मक प्रबृतिहरु फालेर सुसंस्कारित राजनीतिको थालनी राजनीतिक पार्टीहरुले गर्न सकेका छैनन् । गर्न थाल्न जरुरी छ ।

**कामना सेवा...**

शुल्क ९.१६ प्रतिशतले बढेर १५ करोड ८६ करोड रुपैयाँ पुगेको छ। पोहोर ६ महिनामा बैंकको ब्याज आम्दानी १ अर्ब ८ करोड ९५ लाख र १४ करोड ५३ लाख रुपैयाँ थियो।

बैंकले खराब कर्जा घटाएको छ। पोहोर दोस्रो त्रैमासमा ४.३५ प्रतिशत रहेको बैंकको खराब अहिले ४.१० प्रतिशतमा आएको छ। खराब कर्जा घट्दा बैंकको पुँजीकोष अनुपात बलियो भएको छ।

पोहोर ९.७९ प्रतिशत रहेको प्राथमिक पुँजीकोष अनुपात १०.०२ प्रतिशत पुगेको छ। बैंकको आधार दर ६.१७ प्रतिशतमा झरेको छ। प्रति सेयर आम्दानी २०.४३ रुपैयाँ र प्रति सेयर नेटवर्थ १५८.०७ रुपैयाँ पुगेको छ।

**बाबुराम भट्टराई...**

उम्मेदवार बनाइएको छ । त्यस्तै, एमालेबाट आपराधिक पृष्ठभूमिका चक्रे मिलन उम्मेदवार बनेका छन् ।

नेपाली कांग्रेस र रास्वपाले भने उम्मेदवार तय गरिसकेको छैन ।

**राष्ट्रियसभा...**

उनले २०७४ गोरखामा चुनाव लडेका थिए । त्यसपछि उनी २०७६ मा राष्ट्रिय सभा सदस्यको उम्मेदवार भए र जिते । ६५ वर्षीय श्रेष्ठको राष्ट्रिय सभा सदस्यको कार्यकाल पनि आगामी फागुन २० मा सकिंदैथियो । एक महिनाअगाडि राजीनामा दिएर उनी प्रतिनिधिसभा सदस्यको लागि प्रत्यक्षतर्फ उम्मेदवार हुन लागेका हुन् ।

२१ फागुनमा हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि पर्सी उम्मेदवारी दर्ताको समय छ । त्यसको दुई दिन अगाडि उनले राष्ट्रिय सभा सदस्यबाट राजीनामा दिएका हुन् ।

त्यस्तै ७७ वर्षीय वामदेव गौतमले पनि प्रतिनिधि सभा सदस्यको उम्मेदवार हुन राष्ट्रियसभा सदस्यको पदबाट राजीनामा दिएका छन् ।

गौतम २०४८ मै चुनाव जितेका थिए । २०५१ फेरि जिते । २०५३ सालमा त उनी गृहमन्त्री नै बने । २०५६ सालको चुनावमा गौतम पराजित भए । २०६४ मा पनि हारे । गौतम २०७० मा बर्दिया १ का साथै प्युठान १ बाट विजयी भए । २०७४ मा पुन: बर्दिया १ बाट उम्मेदवार भए र हारे। चुनाव हारेपछि राष्ट्रिय सभामा गए। १ असोज २०७७ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले गौतमलाई राष्ट्रिय सभा सदस्य मनोनीत गरिन्। उनको कार्यकाल आगामी फागुन २० मा सकिंदैछ ।

राष्ट्रिय सभामा कार्यकाल सकिन लागेपछि उनी फेरि प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवार हुँदैछन् । उनी बहुदल यताका सदाबहार उम्मेदवार हुन् ।

भागवती न्यौपानेको कार्यकल पनि आगामी फागुन २० मा सकिँदैछ । कार्यकाल सकिनु एक महिनाअगाडि राजीनामा दिएर उनी पनि प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्न लागेकी छन् ।

न्यौपाने २०७४ सालको चुनावमा तनहुँको भानु नगरपालिकाको मेयरमा पराजित भएकी थिइन् । २०७६ मा राष्ट्रिय सभा सदस्यको उम्मेदवार भइन र झण्डै ६ वर्ष काम गरिन् ।

**सञ्चारमन्त्री खरेल...**

जानकारी दिए । केही दिनयता राष्ट्रिय स्वतन्त्र पार्टीबाट ललितपुर निर्वाचन क्षेत्र नम्बर ३ मा उम्मेदवारी दिने चर्चा चलेको थियो । तर यसलाई मन्त्री खरेलले भने हालसम्म कुनै निर्णय नलिइसकेको भन्दै अस्वीकार गरे । 'मैले अहिलेको मितिसम्म चुनाव लड्ने अथवा नलड्ने भनेर सार्वजनिक रुपमा भनेको पनि छैन । निर्णय पनि गरेको छैन । अर्को नियमित पत्रकार सम्मेलनमा जानकारी गराउँला,' उनले भने ।

मन्त्री खरेलले यसबारे अर्को नियमित पत्रकार सम्मेलनमा जानकारी गराउने पनि स्पष्ट पारे ।

**निर्वाचन आचारसंहिता...**

लागू हुने निर्णय गरेको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले जानकारी दिए ।

कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीका अलावा मन्त्रिपरिषद्का सदस्यहरु, नेपाल सरकारका मुख्य सचिव तथा गृह मन्त्रालयका अधिकारीहरुको पनि उपस्थिति थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# पोखरामा ७ हजार दर्शकमाझ 'कुमारी'को कन्सर्ट

काठमाडौं- प्रेम दिवसको छेको पारेर माघ २३ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'कुमारी'को यतिबेला देशव्यापी सांगीतिक यात्रा भइरहेको छ। नेपालगन्जबाट सुरू भएको 'कुमारी लाइभ म्युजिकल कन्सर्ट विथ केहर एन्ड द लुडा' नामक कार्यक्रम शनिबार पोखराको लेकसाइडस्थित हल्लनचोकमा आयोजना गरियो, जहाँ करिब ७ हजार दर्शकको उपस्थिति रहेको थियो ।



कन्सर्टमा फिल्मका प्रमुख कलाकारहरू अबिषेक खड्का र आकृति राजभण्डारी स्टेजमा देखा पर्दा दर्शकको हुटिङले पोखरा नै गुञ्जयमान बनेको थियो । उनीहरूले फिल्मको चर्चित गीत 'डोको बुन्ने'मा नृत्य प्रस्तुत गर्दा दर्शकले पनि नाचेर साथ दिए । आकृति र अबिषेकले पोखरेली दर्शकको अभूतपूर्व मायाप्रति आभार प्रकट गर्दै 'कुमारी' हेर्न आग्रह समेत गरे ।

सोही कार्यक्रममा गायक केहर सिंह लिम्बू र उनको ब्यान्ड 'केहर एन्ड द लुडा'का सदस्यहरूले पनि विशेष प्रस्तुति दिएका थिए । उनीहरूले फिल्मका गीतहरू 'डोको बुन्ने', 'कता छौ' र ' तिमी बिना'सँगै आफ्ना सिर्जनाहरू 'सरर' र 'बैगुनी' गाएर दर्शकलाई मन्त्रमुग्ध बनाए । बिग मार्टको प्रस्तुति र पावर्ड बाईमा आयोजित यो कन्सर्टको स्थानीय व्यवस्थापन प्रचारले गरेको थियो ।

कन्सर्टमा फिल्म र कलाकारप्रति पोखरेली दर्शकले देखाएको मायाले आफू पुलकित भएको निर्देशक दिनेश राउतले बताए । उनले स्टेजबाटै दर्शकलाई धन्यवाद दिँदै भने, 'दर्शकको यो साथले फिल्मप्रति थप उत्साह जगाएको छ । मैले सधैं दर्शकको चाहना र रुचिलाई ध्यानमा राखेर फिल्म बनाउँदै आएको छ । 'कुमारी'लाई पनि उत्कृष्ट बनाउने कोसिस गरेको छु ।'

विनिश इन्टरटेन्मेन्टको ब्यानरमा महेन्द्र अधिकारीद्वारा निर्मित यो फिल्मको अब माघ ६ गते चितवन, १० गते काठमाडौं र १७ गते झापाको दमकमा सांगीतिक कार्यक्रम हुने जनाइएको छ। माघ १० गते काठमाडौंको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा आयोजना हुने विशेष कन्सर्टमा फिल्मको ट्रेलर समेत सार्वजनिक गर्ने तयारी निर्माण पक्षले गरेको छ ।

### रोकियो रिलिज

# माघे संक्रान्तिका फिल्म नचलेपछि तर्सिए 'बिगुल'का निर्माता

काठमाडौं- यतिबेला मौसम जस्तै नेपाली फिल्मको व्यापार पनि चिसिएको छ। गत मंसिरयता हप्तैपिच्छे नयाँ फिल्म प्रदर्शनमा आए पनि कुनैले सफलता पाउन सकेका छैनन् । बरू यही बीचमा बलिउडको 'धुरन्धर' र हलिउडको 'अवतार ३'ले नेपालमा आक्रामक कमाइ गरे । तर, नेपाली फिल्म भने एकपछि अर्को गर्दै असफल हुँदा फिल्म क्षेत्रमा निराशा र अनिश्चितता बढेको छ ।

गत बिहीबारदेखि प्रदर्शन भएका तीन फिल्म 'मिरमिरे', 'भाइरल गोर्खे', र 'गोबर गणेश'ले २ महिनादेखिको व्यापारिक मन्दीलाई चलायमान बनाउने अपेक्षा गरिएको थियो । तर, यी फिल्म पनि बक्स अफिसमा दयनीय देखिएका छन् । तीन दिनमा तीन फिल्मले ५० लाख समेत कमाउन सकेका छैनन् । यसले गर्दा रिलिजको प्रतीक्षामा रहेका फिल्म समेत सर्न थालेका छन् ।

यही शुक्रबार अर्थात् ९ माघमा प्रदर्शन हुने भनिएको फिल्म 'बिगुल'को रिलिज नै स्थगित गरिएको छ । प्राविधिक कारण देखाएर फिल्मको प्रदर्शन रोकिएको भए पनि यसका निर्माताले माघे संक्रान्तिका तीन फिल्मले अपेक्षित व्यापार नगरेपछि रिलिज रोक्ने निर्णय गरेको बताइन्छ । अब बक्स अफिस पूर्ण रूपमा चलायमान भएपछि मात्र फिल्म रिलिज गर्ने योजनामा निर्माण पक्ष छ ।



रमेश कोइरालाको निर्देशनमा बनेको ' बिगुल'मा बेनिशा हमाल, नरेन खड्का, नीर शाह, रमेश बुढाथोकी, विनोद न्यौपाने, शिशिर बाङ्देल, हेमन्त बुढाथोकी, गीता अधिकारी, रविन्द्र खड्का लगायतको अभिनय रहेको छ । यही फिल्मबाट मीरा पण्डितले अभिनेत्रीको रूपमा डेब्यु गरेकी छन् । फिल्मका निर्माता दिनेश कोइराला हुन् ।

# 'शिवांश'को 'बैास भुसुक्कै' गीतमा नाचे तेज र विमला

काठमाडौं- महाशिवरात्रिको दिन पारेर फागुन १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'शिवांश'को पहिलो गीत 'बैंस भुसुक्कै' सार्वजनिक गरिएको छ । लोकलयमा आधारित यस गीतमा राजनराज सिवाकोटी र समीक्षा अधिकारीले स्वर दिएका छन् । राजनराज र सरोज रञ्जितकारको शब्द रचना रहेको गीतमा राजनराज स्वयंले संगीत भरेका छन् ।



भाग्य, मायामोह, आकर्षण जस्ता भावनात्मक पक्षहरू समेटिएको गीतमा प्रेमी-प्रेमिकाले एकअर्कालाई गरेको तारिफ सुन्न सकिन्छ । मौलिक शब्दको प्रयोगले गीतमा मिठास थपेको छ। विक्रम चौहानको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू तेज गरी, विमला लिम्बू र बारत लिम्बूले आकर्षक नृत्य प्रस्तुत गरेका छन्। अञ्जान सिनेमा प्रोडक्सन हाउसको प्रस्तुति रहेको फिल्मको निर्देशन सन्तोष कुमार आत्रेयले गरेका हुन् । अञ्जान केसीको लगानी र कथा लेखन रहेको यस फिल्ममा तेज, विमला र बारतसहित प्रवीण खतिवडा, रुषा न्यौपाने, विकास जोशी, प्रदीप कुमार चौधरी, उदय कुमार सुब्बा, टीका निरौला लगायतको अभिनय देख्न सकिनेछ ।

शोभा भण्डारी र अनिष केसी बोगटी सह-निर्माता रहेको फिल्मको पटकथा बारत लिम्बूले तयार पारेका हुन् । यसमा विप्लव प्रतीक र राजनराज शिवाकोटीको गीत रचना छ भने संगीत न्ह्यू बज्राचार्य र राजनराज सिवाकोटीले दिएका छन् । शरद महत्तोको छायांकन रहेको फिल्ममा बनिष शाहको सम्पादन, विक्रम चोहानको कोरियोग्राफी तथा मिलन श्रेष्ठको द्वन्द्व निर्देशन छ ।

# 'द ब्लू लाइट'को ट्रेलरमा प्रेम, धोका र बदलाको कथा




काठमाडौं- बलिराम चौहानको लेखन तथा निर्देशनमा बनेको फिल्म 'द ब्लू लाइट'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रवार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै दर्शकमाझ ल्याइएको ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे संक्षिप्तमा प्रकाश पारेको छ । सस्पेन्स-थ्रिलर शैलीमा तयार पारिएको ट्रेलरमा प्रेम, धोका र बदलालाई केन्द्रमा राखिएको छ ।

ट्रेलरमा प्रेम नपाउँदा उत्पन्न हुने मानसिक तनाव र पात्रहरूबीचको अविश्वासलाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । त्यही अविश्वासले कथामा द्वन्द्व, तनाव र रहस्य थप्दै लैजाने संकेत गर्छ । ट्रेलरमा हत्या, त्रास, कानुनी फन्दा र त्रिकोणात्मक प्रेमका प्रसंगहरू पनि समेटिएका छन् । दृश्य संयोजन, कलर टोन, साउन्ड, र ब्याकग्राउन्ड स्कोरले दर्शकमा थ्रिल पैदा गराउँछ ।

# कुशलको र्‍यापमा 'फोन नगर'

काठमाडौं- प्रणय दिवसको छेको पारेर माघ २३ गतेबाट प्रदर्शनमा आउन लागेको लभस्टोरी फिल्म 'रमिताको पिरती'को र्‍याप गीत 'फोन नगर' सार्वजनिक गरिएको छ। र्‍यापर कुशल पोखरेलको स्वर तथा शब्द रचना रहेको उक्त गीत माघे संक्रान्तिको दिन बुटवलमा आयोजित सांगीतिक कन्सर्टमार्फत सार्वजनिक गरिएको हो । कन्सर्टमा कुशलले प्रत्यक्ष रूपमा गीत प्रस्तुत गरेका थिए ।

गीतको भिडियोमा र्‍यापर कुशल स्वयं देखिएका छन् भने फिल्मकी मुख्य अभिनेत्री आना शर्मा पनि प्रस्तुत छिन् । भिडियोमा दीपिका तामाङको कोरियोग्राफी पृथक र आकर्षक देखिएको छ । प्रेम सम्बन्धबाट आजित पात्रको भावना र अनुभूतिलाई रोचक शैलीमा व्यक्त गरेको गीतले फिल्मकी मुख्य पात्र आनाको मनोदशालाई दर्शाएको छ ।

फिल्मको प्रचारका लागि निर्माण पक्षले बुटवलबाट सांगीतिक यात्रा सुरू गरिसकेको छ । फिल्मका निर्माता सागर लम्सालका अनुसार अब विराटनगर, बिर्तामोड, धरान, पोखरा, धनगढी र काठमाडौंमा कन्सर्ट आयोजना हुनेछ । सबै सहरका कार्यक्रममा आनासहित कुशल पोखरेल, समीर श्रेष्ठ, महेश काफ्ले, जेम्सी, हुलाकी लगायतले प्रस्तुति दिने जनाइएको छ ।

सुदिप्ताको निर्देशनमा बनेको यस फिल्ममा आनासहित समीर श्रेष्ठ, धीरज मगर, गौमाया गुरुङ, पशुपति राई, रेनु योगी, थिन्ले ल्हामो लगायतका कलाकारहरूले अभिनय गरेका छन् । गायक समीरको यो डेब्यु फिल्म हो । सुदिप्ता स्वयंको लेखन रहेको फिल्ममा शिशिर विशाङ्खेको डीओपी तथा सुनिल सिवाकोटीको सम्पादन छ । आना फिल्मको कार्यकारी निर्मातामा समेत छिन् ।

# अमरदीप र रघुनाथले 'कालकट्टी' र 'काकाको बिहे' बनाउने

काठमाडौं- 'कारखाना' फिल्मका निर्देशक अमरदीप सापकोटाले ८ वर्षपछि निर्देशनमा पुनरागमन गर्ने भएका छन् । उनको लेखन तथा निर्देशनमा बन्न लागेका दुई फिल्म ' कालकट्टी' र 'काकाको बिहे'को शुक्रबार निर्माण घोषणा गरिएको छ । शीर्षकले दुवै फिल्म कमेडी र सामाजिक कथावस्तुमा बन्ने संकेत गर्छ । 'कालकट्टी'को अर्थ अशुभ वा हानिकारक भन्ने हुन्छ ।

दुवै फिल्मको निर्माण रघुजी फिल्म्सले गर्नेछ, जसको नेतृत्व रघुनाथ सापकोटाले गरेका छन् । उनी रंग पत्रकार समेत हुन् । बर्षेनि 'नेपाल ग्रामीण चलचित्र महोत्सव'को आयोजना गर्दै आएका उनले 'सर्खारको सर' जस्ता सिरियल पनि निर्माण गरिसकेका छन् । रघुनाथले केही वर्षअघि घोषणा गरेको फिल्म 'चिलगाडी' नबन्ने भएपछि उनी नयाँ फिल्मको निर्माणमा जुटेका हुन् ।

दुई फिल्ममध्ये 'कालकट्टी'को छायांकन सबैभन्दा अगाडि हुनेछ । यही माघ अन्तिमबाट फिल्मको छायांकन सुरू गर्ने तयारी गरिएको छ । त्यसका लागि हाल प्रि-प्रोडक्सनको काम भइरहेको र कलाकार छनोटको प्रक्रिया अन्तिम चरणमा पुगेको निर्माता सापकोटाले बताए । फिल्ममा स्थापित कलाकारहरूकै अभिनय रहने उनको भनाइ छ ।

'कालकट्टी'को छायांकनको जिम्मा निसाल पौडेललाई दिइएको छ । उनले यसअघि ' कल्ली', 'कौसीद' जस्ता फिल्म खिचिसकेका छन् । भीम विष्टको संगीत रहने फिल्मलाई आरआर फिल्म्सले देशभर वितरण गर्नेछ । निर्माण पक्षका अनुसार दुई फिल्म फरक स्वाद र शैलीका हुनेछन् । दुवै फिल्मलाई आगामी वर्ष दर्शकमाझ ल्याउने तयारी गरिएको छ ।

# 'भाइरल गोर्खे'को दोस्रो ट्रेलर : जब सौगातले मुक्काले भैसी ढाले

'भाइरल गोर्खे'को दोस्रो ट्रेलर : जब सौगातले मुक्काले भैँसी ढाले

काठमाडौं- माघे संक्रान्तिको अवसर पारेर शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'भाइरल गोर्खे'ले घरेलु बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसकेको भए पनि दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । फिल्मको कथावस्तु, कमेडी पक्ष र अभिनेता सौगात मल्लको अभिनय निकै रूचाइएको छ । यसैले फिल्मले आगामी दिनमा व्यापारिक गति समात्नेमा निर्माण पक्ष आशावादी छ ।

यसैबीच, फिल्म रिलिजको दोस्रो दिन निर्माण पक्षले नयाँ ट्रेलर दर्शकमाझ ल्याएको छ। २ मिनेटभन्दा लामो ट्रेलरमा सौगातलाई टिकटक लाइभमा बसेको देख्न सकिन्छ । उनले जति प्रयास गर्दा पनि आफू भाइरल हुन नसकेको भन्दै अब विदेश जान लागेको बताउँदै गर्दा लाइभमा जय किशन बस्नेत जोडिएपछि उनीहरूबीच चर्काचर्की परेको छ । सौगातले निराश भावमा आफ्ना बाबुबाजेले देशका लागि ज्यान दिए पनि देशले आफूलाई केही दिन नसकेको भन्दै गुनासो गरिरहँदा जय किशनले उनलाई देशद्रोहीको संज्ञा दिन्छन् । उनले देशबाट नै निकाला गर्नपर्छ भनेपछि सौगातले रिसमा मुक्का हान्दा छेउमै रहेको भैंसी भुइँमा बङ्लङ्गै ढल्छ । यो दृश्यसँगै सकिएको ट्रेलरले दर्शकमा फिल्मप्रति उत्कसुकता जगाएको छ । टिकटकमा भाइरल बन्न गर्ने संघर्ष र त्यसले पार्ने प्रभावको कथामा आधारित यस फिल्ममा सौगातको जोडी सृष्टि श्रेष्ठसँग बाँधिएको छ ।

# 'परिवर्तन' : माई मेलामा प्रचारपछि अब कलेज धाउँदै सुशील र अञ्जना

काठमाडौं- यही शुक्रबार (९ माघ)बाट प्रदर्शनको तयारीमा रहेको एक्सनप्रधान फिल्म 'परिवर्तन'को टिजर र ट्रेलरले दर्शकमा उत्सुकता बढाइरहँदा यसको निर्माण पक्ष 'ग्राउन्ड लेभल'बाट प्रचार अभियानमा जुटेको छ । फिल्मका कलाकारहरूले पूर्वको ठूलो सहर मानिने झापामा पुगेर त्यहाँका मेला-महोत्सवदेखि कलेजमा फिल्मबारे दर्शकलाई जानकारी गराइरहेका छन् ।

हरेक वर्ष माघे सङ्क्रान्तिको अवसरमा झापाको कन्काई नदी किनारमा लाग्ने प्रसिद्ध माई मेलामा बिहीवार फिल्मका मुख्य जोडी सुशील श्रेष्ठ र अञ्जना बराइली सहभागी भएका थिए । त्यहाँ उनीहरूले दर्शकलाई फिल्म हेर्न निम्तो दिँदै 'पाकेको चिउरी' गीतमा नृत्य गरेर मनोरञ्जन प्रदान गरे । शुक्रबारबाट निर्माण पक्षले पूर्वमा कलेज केन्द्रित प्रचार अभियान पनि सुरू गरेको छ ।

एक्सनप्रधान टिजरपछि चर्चामा रहेको 'परिवर्तन'को यसै साता सार्वजनिक ट्रेलरले दर्शकमा थप उत्साह पैदा गरेको छ । युट्युबमा ११ लाखभन्दा बढीले हेरिसकेको ट्रेलरलाई कमेन्ट सेक्सनमा प्रशंसाको ओइरो लागेको छ । प्रायःले सुशीलको एक्सनको प्रशंसा गरेका छन् भने मेकिङ, छायांकन, र ब्याकग्राउन्ड स्कोरको पनि सराहना भएको छ ।

विजय केरुङको निर्देशनमा बनेको यस फिल्ममा सुशील र अञ्जनासहित करिश्मा मानन्धर, सरोज खनाल, बुद्धि तामाङ, हेमन्त बुढाथोकी, सुवास मेचे, सिरु विष्ट, आशा पौडेल लगायतको पनि अभिनय रहेको छ । फिल्मलाई दीपक सिवाकोटीले निर्माण गरेका हुन् । यसमा उनी स्वयंको कथा रहेको छ भने पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन् ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २५,
२०८२ साल माघ ६ गते मंगलबार
20 JANURY 2026, TUESDAY

# सीतारमणले लिथियम आयोन ब्याट्री उत्पादनलाई गरिन् प्रोत्साहन

काठमाडौं। भारत सरकारले विद्युतीय सवारीसाधन (इभी) लाई प्रोत्साहन गर्ने नीतिसँगै सहुलियत योजनाहरूलाई यथावत राखेको छ। आर्थिक वर्ष २०२६/२७ को बजेटमार्फत ती नीतिलाई आगामी वर्ष झन् बलियो बनाउँदै लैजाने तय गरिएको हो।

भारतीय वित्त मन्त्री निर्मला सीतारमणले अटो क्षेत्रका लागि सरकारले यसअघि ल्याइएका सबै नीति तथा सहुलियत योजनाहरूलाई निरन्तरता दिएकी हुन्। इभीमा प्रयोग हुने लिथियम आयन ब्याट्रीमा केही प्रोत्साहन ल्याउने योजना पनि उनले घोषणा गरेकी छन्।


यो बजेटले इभीको ब्याट्री उत्पादनका लागि प्रोत्साहन गर्ने नीति लिँदै महत्त्वपूर्ण खनिजहरूमा शुल्क छुट र दुर्घटना क्षतिपूर्ति दावीकर्ताहरूका लागि कर राहत पनि समावेश गरेको छ। यसले भारतीय अटो सेक्टरलाई 'बुस्ट' गर्ने जानकारहरू बताउँछन्।

साथै, बायो ग्यास ब्लेन्डिङ र इभीका लागि आवश्यक इकोसिस्टमलाई बढावा दिने योजना पनि ल्याइएको छ। यो बजेटले भारतको ग्रीन इनर्जी र मोबिलिटी इकोसिस्टमलाई बलियो बनाउने उद्देश्य राखेको सरोकारवालाको दावी छ।

बजेटमार्फत बायो ग्यास ब्लेन्डिङ जस्तै सीएन्जी र पीएनजीमा कम्प्रेस्ड बायो ग्यास (सीबीजी) मिसाउने व्यवस्था अनिवार्य गरिएको छ।

अर्थमन्त्री सीतारमणले बजेट घोषणा गर्दै भनेकी छन्, 'सरकारले उत्पादन र चार्जिङ पूर्वाधारलाई सपोर्ट गरेर विद्युतीय सवारी साधनको इकोसिस्टमलाई विस्तार र बलियो बनाउनेछ। भुक्तानी सुरक्षा संयन्त्रमार्फत सार्वजनिक यातायात संचालनका लागि विद्युतीय बसहरूको बढी प्रयोगलाई प्रोत्साहित पनि गरिनेछ।'

२०२६/२७ को बजेटमा पुराना भइरहेका सहुलियतमा पनि भारत सरकारले कुनै प्रकारको परिवर्तन गरेको छैन। सीतारमणले



बजेटमार्फत अटोमोबाइल र अटो कम्पोनेन्ट क्षेत्रका लागि उत्पादन लिङ्क्ड इन्सेन्टिभ (पीएलआई) योजनासँग सम्बन्धित कुनै नयाँ उपाय वा महत्त्वपूर्ण परिवर्तनहरूको घोषणा गरेकी छैनन्।

यस्तै, यो बजेटमा विद्युतीय कार र दुई पाङ्ग्रे सवारी साधनमा प्रयोग हुने लिथियम आयन ब्याट्री सस्तो हुने घोषणा गरिएको छ। यसकारण भारतमा इभीको मूल्यमा भारी गिरावट आउन सक्ने अनुमान गरिएको छ। इभी उत्पादनमा ४० प्रतिशत मूल्य ब्याट्रीमा निर्भर हुन्छ।

बजेटले छुट प्राप्त पुँजीगत वस्तुहरूको सूचीमा इभी ब्याट्री उत्पादनका लागि ३५ वटा थप क्यापिटल गुड्स र मोबाइल फोन ब्याट्री उत्पादनका लागि २८ वटा थप क्यापिटल गुड्स थप्ने प्रस्ताव गरेको छ।

'यसले मोबाइल फोन र विद्युतीय सवारी साधन दुवैका लागि लिथियम-आयन ब्याट्रीहरूको घरेलु उत्पादनलाई बढावा दिनेछ,' सीतारमणले बजेट वक्तव्यमा भनेकी छन्। बजेटले कोबाल्ट पाउडर र वेस्ट, लिथियम-आयन ब्याट्रीको स्क्र्याप, लिड, जिंक जस्ता अन्य १२ थप महत्त्वपूर्ण खनिजहरूमा आधार भूत भन्सार शुल्क पूर्ण रुपमा छुट दिने प्रस्ताव पनि गरेको छ।

सीतारमणले बजेट भाषणमा भनेकी छन्, 'यसले भारतमा ब्याट्री उत्पादनका लागि ती खजिनहरूको उपलब्धता सुरक्षित गर्न र हाम्रा युवाका लागि थप रोजगारी प्रवर्धन गर्न मद्दत गर्नेछ।'

यसरी ब्याट्रीको उत्पादन लागत कम पर्ने हुँदा इभी आफैँ सस्तो हुन आउँछ। जसले इभीलाई सस्तो बनाउँछ।

अहिले नेपालमा आइरहेका प्रायः भारतीय इभीहरू उत्पादन लागत धेरै भएर महँगोमा आयात भइरहेका छन्। तर, यो नयाँ व्यवस्थाले केही राहत दिने र नेपाल आयात हुने भारतीय गाडीहरू पनि केही हदसम्म सस्तो हुने अनुमान गरिएको छ।

सेमिकन्डक्टर उत्पादनमा जोड

सीतारमणले सेमिकन्डक्टर उत्पादनमा छुट्टै सहुलियत योजनाहरू ल्याउने घोषणा पनि गरेकी छन्। सरकारले सेमिकन्डक्टर उत्पादनमा ल्याउने योजनाले भारतीय अटो क्षेत्रलाई राहत प्रदान गर्नेछ।

इलेक्ट्रोनिक्स कम्पोनेन्ट्स म्यानुफ्याक्चरिङ योजनाअन्तर्गत ४० हजार करोड रुपैयाँ भारुको परिव्यय र भारत सेमिकन्डक्टर मिसन २.० को सुरुवात घरेलु मूल्य शृङ्खलालाई बलियो बनाउने दिशामा प्रमुख कदम मानिएको विभिन्न भारतीय संचारमाध्यमले उल्लेख गरेका छन्। यस्तै, अर्को रियर-अर्थ कोरिडोर र इज-अफ-डोइङ-बिजनेस रिफर्महरूले पनि लगानीकर्तालाई 'कन्फिडेन्स' दिने विश्वास लिएको छ।

यो बजेटले जीएसटी राहत र उद्योगका लागि प्रोत्साहनका साथ ४ पाङ्ग्रे सवारी साधन क्षेत्रलाई सहयोग गर्ने लक्ष्य राखेको छ। सरकारले जीएसटीमा ल्याएको केही परिवर्तनले इन्ट्री-लेभलका कारहरूको मूल्यमा १०-१२ प्रतिशतसम्म मूल्य घटाउने अनुमान गरिएको छ।

पीएलआई योजना कस्तो हो?

अटोमोबाइल र अटो कम्पोनेन्टहरूका लागि पीएलआई योजना सेप्टेम्बर २०२१ मा २५ हजार ९३८ करोड भारुको परिव्ययमा स्वीकृत भएको थियो। यो योजना विशेषगरी उन्नत अटोमोटिभ टेक्नोलोजी (एएटी) सवारी साधन र कम्पोनेन्टहरूको प्रवर्धनमा केन्द्रित रहेको जनाइएको छ।

यो योजनाले सेप्टेम्बर २०२५ सम्ममा ३५ हजार ६५७ करोड भारुको लगानी आकर्षित गरेको थियो। साथै, लगभग ४८ हजार ९७४ नयाँ रोजगारी सिर्जना भइसकेको छ। योजना अन्तर्गत भारतलाई विद्युतीय र हाइड्रोजन जस्ता अर्को नेक्स्ट जेनेरेसनको सवारीसाधनहरू उत्पादन गर्नका लागि विश्वव्यापी उत्पादन केन्द्र बनाउने उद्देश्य रहेको भनिएको छ।

यसले गर्दा अहिले फोर्ड पुनः भारतमा लगानी गर्न फर्किएको छ भने टेस्ला र बीवाइडी जस्ता कम्पनीहरूले आफ्नो प्लान्ट भारतमा लगाउन स्थानीय पार्टनर खोजेर सरकारसँग छलफल गरिरहेका छन्। यस्तै, भिनफास्टले प्लान्ट लगाउने तयारी गरिसकेको छ। त्यसैले यो योजनालाई बजेट २०२६/२७ मा यथावत राखिएको जनाइएको छ।

इभी, ब्याट्री र सार्वजनिक यातायातसँग सम्बन्धित योजनाहरूले सरकारको ध्यान हरित गतिशीलता र उत्पादन विस्तारमा रहेको स्पष्ट पारेको बताइएको छ। यी नीतिहरूले आगामी वर्षहरूमा भारतमा अटो क्षेत्रको दिशा र गति निर्धारण गर्ने विश्वास लिइएको छ।

भारतको आर्थिक सर्वेक्षण २०२६ अनुसार भारतीय अटोमोबाइल उद्योगले ३ करोडभन्दा बढी मानिसहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी प्रदान गरिरहेको छ। त्यस्तै, यसले भारतको कुल जीएसटी संकलनमा लगभग १५ प्रतिशत योगदान गर्छ।

# चेतकको नयाँ मोडल बजारमा

काठमाडौं- बजाज अटोले नयाँ बजाज चेतक सी२५ लन्च गर्दै भारतीय बजारमा आफ्नो इलेक्ट्रिक स्कुटर लाइन-अपलाई अझ बलियो बनाएको छ ।

भारु ९१ हजार ३९९ रुपैयाँ मूल्य रहेको यो मिड-रेन्ज इलेक्ट्रिक स्कुटर सेगमेन्टमा आकर्षक विकल्प हो । नयाँ चेतक सी२५ विश्वसनीय ब्रान्ड, उत्कृष्ट निर्माण गुणस्तर र राम्रो रेन्ज चाहने ग्राहकका लागि लक्षित गरिएको कम्पनीले जनाएको छ ।

डिजाइनको हिसाबले बजाज चेतक सी२५ मा नियो-रेट्रो स्टाइल छ । यसमा 'हर्स शू' आकारको एलईडी हेडल्याम्प, सरल र सफा एप्रोन डिजाइन, साइड प्यानलमा नयाँ ग्राफिक्स, पछाडि नयाँ डिजाइन गरिएको टेलल्याम्प छन् ।

विशेष रुपमा चेतक सी२५ पूर्ण मेटालिक बडी भएको भारतको एक मात्र इलेक्ट्रिक स्कुटर हो । जसले गर्दा स्कुटरलाई बलियो र प्रिमियम अनुभूति दिन्छ ।

यो स्कुटरमा २५ लिटर बुट स्पेस, ६५० मिलिमिटर लामो र आरामदायी सिट छ, जसले दैनिक प्रयोगका लागि यसलाई निकै व्यवहारिक बनाएको छ। यो स्कुटर ६ आकर्षक रंगहरूमा उपलब्ध छ, जसमा रेसिङ रेड, मिस्टी येलो, ओशन टिल, एक्टिभ ब्ल्याक, ओपलेसेन्ट सिल्भर र क्लासिक ह्वाइट छन् । बजाज चेतक सी२५ मा रंगीन एलसीडी डिस्प्ले



छ । स्मार्टफोन कनेक्टिभिटी रहेको उक्त डिस्लेमा कल र एसएमएस नोटिसहरू हेर्न पनि मिल्छ ।

साथै, पालैपालो नेभिगेसन, म्युजिक कन्ट्रोल र हिल होल्ड असिस्ट सहित धेरै स्मार्ट फिचरहरू यसमा उपलब्ध छ । हिल होल्ड असिस्टको कारणले सहर र पहाडी क्षेत्र दुवैका लागि यो स्कुटर उपयुक्त छ ।

चेतक सी२५ मा २.५ किलोवाट आवर(युनिट) क्षमताको ब्याट्री प्याक र २.२ किलोवाटको इलेक्ट्रिक मोटर छ, जसले एक पटक चार्ज गर्दा ११३ किलोमिटरसम्मको रेन्ज दिन्छ ।

यो स्कुटर २ घण्टा २५ मिनेटमा ८० प्रतिशतसम्म चार्ज हुन सक्छ । यो ई-स्कुटर ४ घण्टाभन्दा कम समयमा १०० प्रतिशत चार्ज हुन सक्छ । ७५० वाटको अन-बोर्ड चार्जर यसको स्ट्यान्डर्ड हो । यसमा टेलिस्कोपिक फ्रन्ट फोर्क, पछाडि डुअल शक एब्जर्बर र हब-माउन्टेड मोटर छ, जसले यसलाई सहरका सडकका लागि आरामदायी बनाउँछ ।

# तरलता थुप्रिएपछि बैंकले ल्याए न्यून ब्याजदरमा अटो कर्जाको स्किम

काठमाडौं। तरलता थुप्रिएर लागत बढेपछि बैंकहरुले सस्तो ब्याजदरमा अटो कर्जाका नयाँ स्किम ल्याउन थालेका छन्।

न्यून जोखिम र डिफल्ट दर कम हुने भएपछि बैंकहरुले अटो कर्जामा न्यून ब्याजदरमा नयाँ स्किम ल्याउन थालेका हुन्। अन्य कर्जाको तुलनामा अटो कर्जामा जोखिम कम हुन्छ। जोखिम कम हुने भएकैले थोरै मार्जिनमा अटो कर्जामा ध्यान केन्द्रित गरेको बैंकरहरु बताउँछन्।

नेपाल बैंकले ५.५६ प्रतिशत ब्याजदरमा अटो कर्जाको स्किम ल्याएको छ। पछिल्लो तीन महिनाको औसत आधार दर (बेसरेट) ५.१३ प्रतिशत छ। बैंकले ५.५६ आधार दरमा ०.४३ प्रतिशत प्रिमियम जोडेर अटो कर्जा दिइरहेको छ।

यो परिवर्तनशील (फ्लोटिङ) ब्याजदर हो। परिवर्तनशील ब्याजदर आधार दर घट्बढ हुँदा तलमाथि हुन्छ। आधार दर घट्दा यस्तो ब्याजदर तल आउँछ भने बढ्दा माथि जान्छ।

नबिल बैंकले ६.०४ प्रतिशत ब्याजदरमा अटो कर्जा दिन थालेको छ। बैंकको पछिल्लो तीन महिनाको औसत बेसरेट ५.०४ प्रतिशत छ। बैंकले बेसरेटमा १ प्रतिशत प्रिमियम जोडेर अटो कर्जा दिन थालेको हो।

ग्लोबल आइएमई बैंकले ६.२४ प्रतिशतमा अटो कर्जा दिइरहेको छ। माछापुच्छ्रे बैंकले बेसरेटमा साढे १ प्रतिशत प्रिमियम जोडेर कर्जा दिन्छ। बैंकको बेसरेट ५.४८ प्रतिशत छ।

# सीजी मोटर्सको 'मेगा सेल्स एण्ड एक्सचेन्ज कार्निभल' सुरु

काठमाडौं। सीजी मोटर्सले 'मेगा सेल्स एण्ड एक्सचेन्ज कार्निभल'को औपचारिक शुभारम्भ गरेको छ। सीजीले ७ अन्तर्राष्ट्रिय विद्युतीय सवारी (इभी) ब्रान्डहरूलाई एउटै स्थानमा समेटेर बिहीबार कार्निभल सुरु गरेको हो।

कार्निभल माघ १८ सम्म काठमाडौंको गैरीधारास्थित एलिस रिसेप्सन संचालन हुनेछ। सीजी मोटर्सले यो चार दिने कार्यक्रम ग्राहकहरूलाई वर्षकै सबैभन्दा ठूलो विद्युतीय सवारी खरिद अवसर प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको जनाएको छ। यस कार्निभलमा अधिकतम १० लाख रुपैयाँसम्म नगद छुट, आकर्षक एक्सचेन्ज अफर तथा परिवारमैत्री अनुभवहरू समावेश गरिएका छन्।

सीजी मोटर्सका अनुसार कार्निभलमा स्मार्ट, एक्सपेङ, आयन, रिडारा, किङलोङ, डायुन, तथा नेटाका अत्याधुनिक विद्युतीय सवारीहरू एकै



छानामुनि अवलोकन, एक्सचेन्ज तथा टेस्ट ड्राइभ गर्न सकिने व्यवस्था गरिएको छ। कार्यक्रम दैनिक बिहान १० बजेदेखि साँझ ६ बजेसम्म संचालन हुनेछ।

साथै, पहिलो पटक सीजी मोटर्सले आफ्नो प्रिमियम ब्रान्ड स्मार्टलाई पनि विशेष रूपमा प्रदर्शनीमा राखेको छ। यसको एक्सक्लुसिभ टेस्ट ड्राइभ सुविधा उपलब्ध हुने कम्पनीले बताएको छ।

ग्राहकलाई इभी स्वामित्व अझ सहज र किफायती बनाउन सीजी मोटर्सले कार्निभलमा अधिकतम १० लाख रुपैयाँसम्म नगद छुट, आधिकारिक एक्सचेन्ज हाउसबाट पुराना सवारीमा उत्कृष्ट मूल्याङ्कन, आकर्षक एक्सचेन्ज बोनस, विभिन्न बैंकमार्फत स्थलमै फाइनान्स तथा ऋण स्वीकृति सुविधा, एक वर्षको अटोप्लस बीमा सुविधा, चालु आर्थिक वर्षको वार्षिक सडक कर निःशुल्क, निःशुल्क ईभी चार्जरको सुविधा उपलब्ध गराएको छ।

## भृकुटीमण्डपमा बजाज नेक्स्ट-जेन महा एक्सचेन्ज कार्निभल जारी

काठमाडौं। काठमाडौंको भृकुटीमण्डपमा ५ दिनदेखि बजाज नेक्स्ट-जेन महा एक्सचेन्ज कार्निभल जारी छ। माघ ११ गतेदेखि सुरु भएको एक्सचेन्ज कार्निभल शनिबार सकिँदैछ।

बजाजको आधिकारिक विक्रेता हंशराज हुलासचंद एण्ड कम्पनीले आयोजना गरेको उक्त एक्सचेन्ज कार्निभलमा ग्राहकहरूले पुरानो जुनसुकै बाइक तथा स्कुटर ल्याएर राम्रो भ्यालुएसनमा नयाँ बाइकहरू लैजान सक्नेछन्।

भ्यालुएसनका लागि २२ भन्दा बढी विज्ञ भ्यालुएटरहरू राखिएका छन्। जसले राम्रो भ्यालुएसन गरेर मूल्य तोक्नेछन्। त्यसमा बजारमा सामान्य रुपमा पाइने भ्यालुएसनभन्दा ८ हजार अतिरिक्त पैसा पाइने कम्पनीले जनाएको छ।

यसैगरी, धेरै एसेसरिज निशुल्क पाइनेछ भने अन्य नगद छुट पनि पाइन्छ। अर्को मुख्य आकर्षण भनेको नागरिकताको भरमा बाइक लैजान सकिन्छ।

मतदान गर्ने अधिकारको प्रयोग गरौं ।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार